मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily

शुभ भावनासहित नयाँ वर्ष २०८१ को समस्त पाठक, स्रोता, दर्शक, विज्ञापनदाता, शुभेच्छुक, सम्पूर्ण देश-मधेशका नागरिकमा शतत् शुभकामना ।
ध्रुव शाह
कार्यकारी अध्यक्ष
मधेशदृष्टि
रेडियो पोखरीया १०५.८ मेघाहर्ज

वर्ष २ | अंक १४३ | २०८१ साल वेशाख ०१ गते शनिबार | Saturday 13, April 2024 | सूर्योदयः बिहान ५:४३ बजे | सूर्यास्तः साँझ ६:२८ बजे | पृष्ठ ४+४ | मूल्य रु. ५/-

# २०८० लाई नियाल्दा

**मधेशदृष्टि**
**वीरगंज ।**
२०८० मधेश प्रदेशका लागि समग्रमा राजनीतिक हिसाबले नाफामूलक रह्यो । सरकार फेरबदलमा एमालेका धेरै मन्त्रीहरु दोहोरिए । जसपाले सत्ताको साँचो पाइरह्यो । मुख्यमन्त्री र उपराष्ट्रपति पाएको जसपाले उपप्रधानमन्त्री र मन्त्री पनि २०८० मा पायो । जनमत पार्टी प्रदेश सत्ता र केन्द्र सत्ताबाट बाहिरियो । प्रभु साहको पार्टीले पनि वर्षको अन्त्यतिर आक्रामक ढंगले मधेश र केन्द्र राजनीतिमा ध्यानाकृष्ट गरेको छ । तर मधेशको प्रतिव्यक्ति आम्दानी सबैभन्दा कमजोर रह्यो । गरिबीले एकै दिन एउटा जिल्लामा चारजनासम्मले आत्महत्या गरेका छन् । अपराध बढेको छ । लागुऔषध कारोबार, साना हतियार र हत्याको संख्या बढेको छ । प्रहरी अधिकृतहरु समय भन्दा चाँढै सरुवा भएका छन् । सबैभन्दा डरलाग्दो बनेको छ जाली नोटको कारोबार । यसैगरी कात्तिकमै मधेशको धुनषामा पानीको हाहाकारको समाचार आयो । महोत्तरी काकाकुल छ । पर्सामा साउनको अन्तिम साता पनि पानीको हाहाकारको समाचार हामीले दियौँ । १२ महिनाका केही घटनाहरु सम्झौँ ।

## २०८० वैशाख
### उपनिर्वाचनबाट यादव संसदमा



जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादव वैशाख १० गते बारा–२ को उपनिर्वाचमा निकटम प्रतिद्वन्द्वी जनमत पार्टीका शिवचन्द्र कुशवाहलाई ५,०८१ मतान्तरले पराजित गर्दै विजयी भए । विगतमा एमाले र माओवादीमा रहेका यादव मधेशी जनअधिकार फोरमबाट मधेशको राजनीतिमा शक्ति बनेर उदाए । उनले बारा–२ बा निर्वाचित रामसहाय प्रसाद यादवलाई उपराष्ट्रपति बनाए । त्यहीँबाट आफू उठेर नेपाल सरकारमा उपप्रधानमन्त्री तथा स्वास्थ्य तथा जनसंख्या मन्त्री छन् । बारा–१ के प्रदेश सभाबाट जसपाबार्टै विजित सरोजकुमार यादव मधेश सरकारमा पटकपटक विश्वासको मत लिइरहने मुख्यमन्त्री पनि बनाए । वर्ष २०८० जसपालाई राजनीतिक लाभको वर्ष रह्यो ।
००००

### प्रदीप रुँगटा प्रकरण



वैशाख १९ गते मंगलबार चितवनको अनमोल फिड्सका शंकर कँडेल ९ पेज सुसाइड नोट लेखेर आत्महत्या गरे । यसमा आत्महत्या दुरुत्साहन मुद्दामा जोडिए ८५ प्रतिशत शेयरका हिस्सा लिएका व्यवसायी प्रदीप रुँगटा । रुँगटाविरुद्ध किटानी जाहेरी परेको थियो । नेपाल र भारतीय भूमिमा खोजी कार्य भयो । पछि उनी अदालतमा हाजिर भए, हिरासत बस्न परेन, अस्पताल बसेरै अदालतबाट साउनमा धरौटीमा रिहा भए ।
००००

## २०८० जेठ
### विश्वासको मतमै समय व्यतीत



मधेश प्रदेश सरकारका मुख्यमन्त्री सरोजकुमार यादव चौथोपटक विश्वासको मत लिँदैछन् । उनी वैशाख ३ गते विश्वासको मत लिँदैछन् । यसअघि उनले तेस्रोपटक फागुन ६ गते विश्वासको मत लिएका थिए । जनमत पार्टीले माघ ९ गते समर्थन फिर्ता लिएपछि मुख्यमन्त्री यादवले विश्वासको मत लिएका हुन् ।
त्यसअघि जेठ १ गते मधेश सरकारमा रहेको नेकपा एमालेले समर्थन फिर्ता लिएपछि मुख्यमन्त्री यादवले ३० औँ दिनमा जेठ ३० गते दोस्रोपटक विश्वासको मत लिएका थिए ।
२०७९ पुस २७ गते नेकपा एमालेसहितका दलको समर्थनमा मुख्यमन्त्री नियुक्त भएका यादवले माघ ४ गते शतप्रतिशत मत पाएका थिए ।
००००

## २०८० असार
### हिरासतमै यातना



जिल्ला प्रहरी कार्यालय सिरहामा कार्यरत प्रहरी जवान अनु रायलाई हातखुट्टा बाँधेर १२ घण्टासम्म चरम यातना दिएको भिडियो असार २७ गते सार्वजनिक भयो–भाइरल भयो । रायलाई प्रहरी निरीक्षक (इन्स्पेक्टर) हेमन्त राईले यातना दिएको आरोप थियो । इन्स्पेक्टर राईकै कमाण्डमा प्रहरी जवान रायलाई निरन्तर अधिक ड्युटी गराएपछि उनले हबल्दारसँग गुनासो पोखेका थिए । हबल्दारको सल्लाहअनुसार पीडित राय इन्स्पेक्टर राईसँग गुनासो गर्न गएका थिए । इन्स्पेक्टर राईले तथानाम,अभद्र गाली गलौज गरेपछि आक्रोशित भएका रायले समेत इन्स्पेक्टरसँग मुखामुख गरेका थिए । मुखामुख गरेकै कारण उनलाई हातखुट्टा बाँधेर १२ घण्टासम्म यातना दिएको प्रकरण त्यतिखेर भाइरल भएको थियो ।
००००

## २०८० साउन
### अर्थमन्त्रीको बदमासीमा छानबिन सुरु

मधेश प्रदेश सरकारको रकमान्तर विवाद चुलिएपछि प्रदेशसभाले एक महिनाअघि गठन गरेको विशेष छानबिन समितिले



सांसदको गुनासो आह्वान गरेको थियो । प्रदेशसभाका सबै सदस्यसँग भेट्न सम्भव नदेखिएपछि राजनीतिक पार्टीसम्बद्ध संसदीय दलमार्फत गुनासो संकलन गर्न लागिएको समितिका सभापति उपेन्द्र महतोले बताए ।
आर्थिक वर्ष २०७९/८० मा प्रदेश सरकारले गरेको रकमान्तर 'अवैधानिक' भन्दै प्रदेशसभामा ठूलो मुद्दा बनेको थियो । सबै दलले आवाज उठाएपछि प्रदेशसभाले विशेष छानबिन समिति गठन गरेको थियो । समितिलाई साउन १ गतेदेखि काम सुरु गरेर भदौ मसान्तसम्म प्रतिवेदन पेश गर्नुपर्ने समयसीमा तोकिएको थियो । अर्थमन्त्री सञ्जय कुमार यादवले स्थानीय तह र अन्य मन्त्रालयको योजनाको बजेट रकमान्तर गरेको भन्दै प्रदेश सरकारमा अधिकांश सांसदले विरोध जनाएका थिए । त्यो प्रतिवेदन अहिलेसम्म सार्वजनिक भएको छैन ।
००००

## २०८० भदौ
### मधेशमा नक्कली नोट

मधेश प्रदेशमा नक्कली नेपाली नोटको बिगबिगी बढेको र यस्तो नोट हेटौँडा, पोखरा र काठमाडौँसम्म पु¥याउन गिरोह सक्रिय भएको पाइएको छ । गिरोहका सदस्यहरुले भारतमा नक्कली नोट छापेर मधेशका जिल्लाहरुसँगै प्रमुख व्यापारिक केन्द्रमा पनि नक्कली नोट पु¥याउने कामलाई तीव्रता दिए । जिल्ला प्रहरी कार्यालय मकवानपुरले ९५ हजार रुपैयाँ बराबरको नक्कली नेपाली नोटसहित दुई जनालाई पक्राउ गरेबाट पनि नक्कली नोटको कारोबारीको सक्रियता कायमै रहेको पुष्टि हुन्छ । प्रहरीले रौतहट, कटहरिया नगरपालिका वडा नम्बर ६ का १९ वर्षीय धर्मेन्द्र महरा र २१ वर्षीय दिपेश दासलाई नक्कली नोटसहित पक्राउ गरेको हो । प्रहरीले एक हजार दरको ९५ वटा नक्कली नेपाली नोटसहित हेटौँडाबाट उनीहरुलाई पक्राउ गरेको हो । मधेशदृष्टि दैनिकले भारतीय भारतीय सीमावर्ती क्षेत्रमा बसेर नेपाली नक्कली नोटको कारोबार गर्ने गिरोह सक्रिय भएको समाचार साउनमै प्रकाशन गरेको थियो । गिरोहले भारत, बिहारस्थित सीतामढीनजिकको एक गाउँमा एक हजार दरका नक्कली नेपाली नोट छपाएर नेपालमा बजारीकरण गरिरहेको विषय बाहिर आएको थियो । यो तथ्य नेपाल प्रहरीले नै बाहिर ल्याएको हो । सीतामढीमा लामो समयदेखि जाली नोट कारोबारमा संलग्न महमद सलिमको गिरोहले करोडौँ नक्कली नेपाली नोट छापेर मधेशका विभिन्न नाकाबाट नेपाल भित्र्याउने काम गरिरहेको प्रहरीले नै सार्वजनिक गरेको हो । पछिल्लो छ महिनामा मधेशका नाकाबाट एकहजार दरका १० करोड भन्दा बढी नक्कली नेपाली नोट मधेशसँगै नेपालका विभिन्न ठाउँमा पु¥याइएको अनुसन्धानमा देखिएको थियो । नेपाल प्रहरीले एक वर्षका अवधिमा मधेशका विभिन्न जिल्लामा जाली नोटको कारोबारमा संलग्न ५२ जनलाई पक्राउ गरेर कारबाही गरेको जनाएको छ । तीमध्ये २ महिला छन् ।
००००

### मूर्ति विसर्जनमा विवादले कर्फ्यु

जिल्ला प्रशासन कार्यालय सर्लाहीले सदरमुकाम भदौ २३ गते मलंगवामा कर्फ्यू आदेश जारी गरेको थियो । कृष्ण जन्माष्टमीको मूर्ति बिसर्जन गर्ने क्रममा दुई पक्षबीच झडप भएपछि उत्पन्न विवादका कारण शान्ति सुरक्षालाई ख्याल गरेर कर्फ्यू आदेश जारी भएको प्रमुख जिल्ला अधिकारी इन्द्रदेश यादव (हाल सरुवा) ले जानकारी दिए । कृष्ण जन्माष्टमीको मूर्ति बिसर्जन गरेर फर्किने क्रममा शुक्रबार बेलुका मलंगवामा दुई समुदायबीच झडप र ढुंगामुडा भएको थियो । स्थिति नियन्त्रणमा लिन प्रहरीले १६ सेल अश्रुग्यास र एक राउन्ड हवाइ फायर समेत गरेको यादवले जानकारी दिए । ००००

## २०८० असोज
### प्रहरीको ध्यान पोकामा, अपराधी आइसक्यो ढोकामा !

मुलुकको आर्थिक राजधानी हो वीरगंज । देशकै अर्थतन्त्रलाई टेवा पुग्ने गरी राजस्व संकलन गर्ने केन्द्र पनि हो यो । साउन र भदौ महिनामा स्वाभाविकरुवमा कम व्यापार व्यवसाय हुँदा पनि लक्ष्यको ७० प्रतिशत राजस्व उठाएर निरास अर्थतन्त्रलाई आसा जगाइरहेको छ वीरगंज । तर यही वीरगंज पछिल्लो समय अझ भनौँ चाडबाडका बेला असुरक्षित देखिएको छ । जताततै अराजकता, भिडभाड, अशान्त भिडले निम्त्याउने तनाव र असुरक्षा बढिरहँदा प्रहरी प्रशासन किन मौन छ ? चाडपर्वका बेला सटर खोलेर बोहनी कुरेर बसेका व्यवसायी, घरमै पनि कुनै पनि बेला मारिने हो कि भनेर सशंकित र असुरक्षित बनिरहेका गृहिणीहरु प्रश्न गरिरहेका छन् ।

**घटना १:**
मितिः २०८० भदौ १३ गते
स्थानः जिराभवानीको इमिर्ती खोला
घटनाः टाउकोरहित युवतीको शव फेला ।

**घटना २:**
मितिः २०८० भदौ २५ गते
स्थानः ठोरी, विजयबस्ती, पर्सा
घटनाः ४० वर्षीय पुरुषको शव फेला ।

**घटना ३:**
मितिः २०८० असोज २ गते
स्थानः जगरनाथपुर–५, मसिहानी
घटनाः एकल महिला शान्तिदेवी बिनको हत्या ।

**घटना ४:**
मितिः २०८० असोज ४ गते
स्थानः पानगल्ली, वीरगंज
घटनाः ५० वर्षीय भुब्रो महतो नुनियाको शव फेला ।

**घटना ५:**
मितिः २०८० असोज ४ गते
स्थानः छपकैया, वीरगंज
घटनाः बाराका अरबिन्द कुमार सर्राफको हत्या ।

**घटना ६:**
मितिः २०८० असोज १३ गते
स्थानः ढोंगही खोला, विन्दबासिनी
घटनाः हत्या गरिएको अवस्थामा महिलाको शव फेला ।

**घटना ७:**
मितिः २०८० असोज १९ गते

*बाँकी पृष्ठ २ मा*

## वैभव
**शनिबार ४ पृष्ठको वैभव**



- महेश कठायत - 'हुल्ली' खेल र 'बिस्या लठ्ठी'
- राजेश्वर नेपाली - लोक देवता सलहेस र महोत्सव
- मणिराम दाहाल-नेपालमा महाकुम्भ मेला र यसको धार्मिक महत्व
- एकराज पाठक र वासुदेव पौडेल - पर्यटन राजधानी पोखरा जाग्दै आशा, बढ्दै लगानी
- विकास पौडेल ईश्वर को हुन् ?
- अफरोज अर्पण-भारतको आम निर्वाचन भाजपाको 'चेहरा' मोदी










# २०८० लाई ...

स्थानः वीरगंज–१, छपकैया
घटनाः घरैमा पुनम देवीको हत्या ।

००००

## २०८० कात्तिक

बारामा डेढ महिनामा तीन गोलीकाण्ड

१. २०८० कार्तिक १३ गते कलैयामा रुपेश स्वर्णकारको गोली हानेर हत्या

२. २०८० असोज ८ गते पचरौता नगरपालिका वडा नम्बर १ पिपरपातीका ३५ वर्षीय अमरेश कुमार सिंहको गोली हानेर हत्या ।

३. २०८० असोज ९ गते पचरौता नगरपालिका वडा नम्बर वडा नम्बर ६ लक्ष्मिनियाको पोखरीको डिलमा भारत, बिहार निवासी २२ वर्षीय अजित कुमार सिंहलाई गोली हानेर हत्या ।

बारामा शान्तिसुरक्षा अत्यन्त कमजोर छ भनेर प्रहरी प्रशासनको आलोचना गरिएको होइन । दिनदहाडै फिल्मका दृश्य झैँ मोटरसाइकलमा हेल्मेटसमेत नलगाइ आएका व्यक्तिले गोली हानेर भागेका छन् । त्यो पनि प्रहरी कार्यालयको ५ सय मिटरको पेरिफेरिमा । उसो त जिल्ला प्रहरी कार्यालयदेखि ५ सय मिटरको दूरीमा अर्को पनि पनि प्रहरी कार्यालय छ । यति हुँदाहुँदै पनि प्रहरीले हत्याराको सुराक दिन सकेको छैन ।

००००

## २०८० मंसिर

**अग्निपरीक्षामा मुख्यमन्त्री**

मितिः २०७९ पुस २७ गते बुधबार

स्थानः जनकपुरधाम

उपलब्धीः मधेश प्रदेश सरकारका मुख्यमन्त्री चयन



व्यक्तित्वः सरोजकुमार यादव

नेपालीमा उखान छ, 'सोम खेती–बुध घर ।' अघिल्लो वर्ष पुस २७ गते बुधबार नै थियो र मधेश सरकारको नयाँ घरबार बसेको थियो । जनता समाजवादी पार्टी (जसपा) संसदीय दलका नेता बनेका सरोजकुमार यादव बुधबार नै मुख्यमन्त्री नियुक्त भएका थिए । उनको कार्यकालको ११ औँ महिना पूरा हुँदैछ । १ सय ७ सदस्यीय प्रदेश सभाका ६३ सांसदको समर्थनमा उनी मुख्यमन्त्री भएका थिए ।
नेकपा एमाले, नेकपा माओवादी केन्द्र, जनमत पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी, नागरिक उन्मुक्ति पार्टी, नेपाल संघीय समाजवादी पार्टी र दुई स्वतन्त्र सांसद यादवको समर्थनमा उभिएका थिए । आवश्यकताअनुसार मन्त्रिमण्डल विस्तार गर्दै गएका उनीसँग यो ११ महिनामा ११ मन्त्री छन्, दुई राज्यमन्त्री छन् । सबै समितिका सभापति छन् । आफ्नै पार्टीभित्र मुख्यमन्त्रीको अनुभव संगालिसकेका अग्रज लालबाबु राउतदेखि 'यो सरकारले बिजनेस दिन सकेन' भनेर आलोचना गर्ने पार्टीकै प्रदेश सभा सदस्य मनिष सुमन पनि छन् ।

००००

## २०८० पुस

**पाँचवर्ष प्रयासपछि 'तपस्वी' बम्जन पक्राउ**

कुनैबेला नेपाल र भारत मात्र नभई अन्य देशबाट समेत दर्शनका लागि भक्तजन बारा भिल्याउन सफल तपस्वी भनिएका रामबहादुर बम्जन पक्राउ परेका छन् । बारा, सर्लाही, सिन्धुली, काभ्रे हुँदै विभिन्न जिल्लामा बसिरहेका उनी पछिल्लो दुई महिना यता



काठमाडौँमा रहेको मात्र होइन, विवाह गरेर बच्चाको बाबु पनि बनेको रहस्य प्रहरीले बाहिर ल्याएको छ ।

बाराको हलखोरिया जंगल कब्जा गरेर आफूलाई 'लिटिल बुद्ध' दाबी गर्दै ध्यान गरेर तपस्वी भनिएका बम्जनले तपस्वीको भेषमा आफ्नै कैयौँ अनुयायीलाई बेपत्ता पारेको, बलात्कार गरेको, हत्यासमेत गरेको प्रहरीमा उजुरी छ । धार्मिक संस्था नै स्थापना गरेर बम्जनको अपराध जोगाउन केही समूह लागेपछि प्रमाणविना पक्राउ नगर्न आदेश पाएको प्रहरीले ५ वर्षको मेहनतपछि बम्जनलाई पक्राउ गरेको हो ।

प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सिआइबी) ले मंगलबार साँझ काठमाडौँको बूढानीलकण्ठबाट बम्जनलाई पक्राउ गरेर नयाँ हुलियासमेत सार्वजनिक गरेको छ । प्रहरी अतिरिक्त महानिरीक्षक (एआइजी) किरण बज्राचार्यले सुराकका आधारमा बम्जनलाई हात्तीगौंडास्थित घरबाटै नियन्त्रणमा लिइएको जानकारी दिइन् ।

००००

## २०८० माघ

**आजपाको निशानामा भगौडा पुँजीपति**



प्रभु साह नेतृत्वको आम जनता पार्टी (आजपा) ले दलाल, पुँजीपतिहरुलाई निशानामा राखेर कारबाही प्रक्रिया अघि बढाउने घोषणा गरेको छ । यो कारबाही भने भौतिक होइन, उनीहरुको सम्पत्ति कब्जामा केन्द्रित हुने भएको छ । पार्टीले 'भगौडा दलाल पुँजीपति'को सम्पत्ति कब्जा गरी राज्यलाई बुझाउने निर्णय गरेपछि यसले मधेशमा र देशमा नयाँ तरंग ल्याएको छ ।

पार्टी केन्द्रीय कमिटीको काठमाडौँमा सम्पन्न बैठकपश्चात् मंगलबार प्रवक्ता चन्द्रभुषण साहद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'जनयुद्ध र जनआन्दोलनलाई जनसंघर्षको उत्सवका रूपमा मनाउने निर्णयसँगै बैंक, लघुवित्त तथा सहकारीको लुटविरुद्ध संघर्ष अरु व्यापक बनाउने, भन्सारलगायतका राजस्व लुटविरुद्धको आन्दोलन निर्णायक मोडमा पुर्याउने, भ्रष्टाचारविरुद्धको संघर्ष थप सशक्त बनाउने, वैदेशिक रोजगारमा हुने ठगीविरुद्धको आन्दोलन अरु तेज पार्ने, 'भगौडा दलाल पुँजीपति'को सम्पत्ति कब्जा गरी राज्यलाई बुझाउने निर्णय भएको छ ।'

००००

## २०८० फागुन

**६ करोडको मेसिनलाई १० करोडमा सेटिङ ?**

यो मधेश हो, यहाँ सक्नेले 'तालुखुइले'लाई पनि 'काइँयो' बेच्न सक्छ भनेजस्तै एकपछि अर्को काण्डमा मधेश प्रदेश सरकारका मन्त्रीहरु मुछिनु नौलो होइन । कतिखेर पद जाने हो भन्ने चिन्ताले ग्रस्त सबै मन्त्रीहरु पाएको बेला कुस्त कमाउ धन्दामा लागिरहेको प्रमाण धमाधम आइरहेको छ । यसैको पछिल्लो उदाहरण बनेका छन् सर्लाहीमा अस्पताल बनाउने प्रकरण उचालेर सर्वसाधारणको ज्यान जाने गरी भएको गोलीकाण्डमा पनि जोडिएका मधेश प्रदेश सरकारका स्वास्थ्यमन्त्री वीरेन्द्र सिंह । उनकै निर्देशनमा सर्लाही र सिरहामा 'रुमसहितको सिटी स्क्यान' जडानका लागि टेण्डर भएको छ । टेण्डर कसलाई पार्ने भनेर पहिले नै सेटिङ मिलाइसकिइएको खुलासा भएको छ । कथा यसरी सुरु हुन्छः स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, जनकपुरधाममा स्थायी बायोमेड इञ्जिनियर थिए शैलेन्द्र यादव । यिनै यादवलाई अन्यत्र सरुवा गरिएको छ । कारण हो, आफूलाई मन लागेको ठेकेदारलाई काम दिन सेटिङ मिलाउनु । यसका लागि प्रयोग भएकी छिन् करारमा कार्यरत बायोमेड इन्जिनियर बन्दना मिश्र । दरबन्दीका स्थायी कर्मचारी सरुवा गरेर करारमा कर्मचारी नियुक्ति के का लागि भन्ने रहस्यको उत्तर पनि केन्द्रले हालै सर्लाही र सिरहाका लागि आह्वान गरेको टेण्डरले छताछुल्ल पारिदिएको छ । मिश्रले तयार पारेको परियोजनाका आधारमा २० करोड रुपैयाँको सिटी स्क्यान मेसिन खरिदका लागि 'रुमसहित मेशिनका लागि स्पेलक' गरिएको छ । केन्द्रले तयार पारेको मापदण्डमा काठमाडौँस्थित 'हस्पिटेक' कम्पनीले मात्रै टेण्डर भर्न मिल्ने गरी टेण्डर गरिएको भन्दै अन्य सप्लाइ कम्पनीहरुले आपत्ति जनाएका छन् ।

००००

## २०८० चैत

पर्सा प्रहरीले चैत महिनामा ५ करोड रुपैयाँ भन्दा बढी मूल्यका भन्सार छलीका सामान नियन्त्रणमा लिएको छ । प्रहरीले चालु आर्थिक वर्ष २०८०÷८१ को चैत महिनामा ५ करोड ८७ लाख ३६ हजार ७ सय ९९ रुपैयाँ बराबरका भन्सार छलीका सामान नियन्त्रणमा लिएको हो । प्रहरीले राजस्व अभिवृद्धि तथा भन्सार चोरी पैठारी न्यूनीकरण गर्न चलाएको जाँच अभियानक्रममा जिल्लाका विभिन्न स्थानबाट सामान बरामद गरेको हो । प्रहरीले २ करोड १० लाख ७८ हजार ६ सय ८१ रुपैयाँका विद्युतीय सामान बरामद गरेको छ । १ करोड ४२ लाख २३ हजार ९ सय १७ मूल्यको किराना तथा खाद्यान्न सामान, १ करोड २३ लाख ४६ हजार ४ सय ९१ लत्ताकपडा, १ करोड १० लाख ८७ हजार ७ सय १० रुपैयाँका सवारी साधन तथा पार्टपुर्जा नियन्त्रणमा लिएको छ ।

००००

# संकल्प लोक सेवाको वार्षिकोत्सव सम्पन्न

**मधेशदृष्टि**
**वीरगंज ।**
संकल्प लोक सेवाको तेस्रो वार्षिकोत्सव कार्यक्रम सम्पन्न भएको छ । शुक्रबार वीरगंजमा संकल्प लोक सेवा आयोगका प्रबन्ध निर्देशक अशोक साहको अध्यक्षतामा भएको वार्षिकोत्सव कार्यक्रमको उद्घाटन पर्सा क्षेत्र नं. १ का प्रतिनिधिसभा सदस्य प्रदीप यादवले गरेका थिए । कार्यक्रमलाई सम्बोधन गर्दै सांसद यादवले संकल्प लोक सेवाले धेरै जनालाई सरकारी जागिर दिन सफल भएको संकल्प लोक सेवाको प्रशंसा गरे । उनले वीरगंज जस्तो पिछिडिएको ठाउँमा संकल्प लोक सेवाले आयोगको तयारी गराएर हजारको संख्यामा सरकारी जागिर दिलाउन सफल भएको भन्दै लोक सेवालाई धन्यवाद समेत दिए ।
पूर्व मन्त्री समेत रहेका सांसद यादवले लोक सेवा तथा शिक्षक सेवा आयोगमा नाम निकाल्ने मधेशीको संख्यामा वृद्धि भएको बताउँदै त्यसमा संकल्प लोक सेवा आयोग र प्रबन्ध निर्देशक अशोक साहको ठूलो योगदान रहेको बताए । मधेश




आन्दोलनले गर्दा प्राप्त आरक्षणका कारण पनि मधेशी धेरै जनाले सरकारी जागीर पाएको उनको भनाइ थियो । मधेश आन्दोलन नभएको भए मधेशी, जनजातिलाई जागीर पाउन धेरै कठिन हुने बताउँदै उनले अहिले अवस्था सहज भएको बताए । उनले भने 'पहिला मधेशका शिक्षक हुन्थ्यो । अहिले पहाडमा पनि मधेशी समुदायका अधिकृत देख्दा खुशी लाग्छ । यो सबै मधेश आन्दोलनको उपलब्धि हो ।' २०६२÷०६३ को आन्दोलनले गर्दा नै ४५ प्रतिशत आरक्षणको व्यवस्था आएको उनको भनाइ थियो । मधेश प्रदेशको दुई ठाउँमा लोक सेवा आयोगको परीक्षाको सेन्टरको व्यवस्था हुनु पर्ने बताउँदै उनले त्यसको लागि आफूले पहल गर्ने प्रतिबद्धता समेत व्यक्त गरे । फरक प्रसंगमा सांसद यादवले देशमा संघीयता खारेजको ठूलो सडयन्त्र भइरहेको भन्दै सबै पक्ष सतर्क हुन जरुरी रहेको बताए ।

**एक बर्षमा एक सय ४० जना पास**

कार्यक्रममा संकल्प लोक सेवामा पढेर २०८० सालमा नाम निकाल्नेहरुलाई सम्मान गरिएको थियो । कार्यक्रममा नि.मा.वि.को लाइसेन्स परीक्षा पास भएको ३८ जना र मावि तहको लाइसेन्स परीक्षा पास भएका ३१ जनालाई सम्मान गरिएको थियो । त्यसैगरी शिक्षक सेवा आयोगको परीक्षा पास गरि शिक्षकको स्थायी नियुक्तिको लागि सिफारिस भएका निमावि तहका ३ जना, मावि तहका ४ जना र प्रावि तहका ३२ जनालाई पनि सम्मान गरिएको थियो । संकल्प लोक सेवाबाट नै पढेर लोक सेवा आयोगको परीक्षा पास भई नायब सुब्बा ४ जना, सशस्त्र प्रहरी जवान ४ जना र नेपाल आर्मी २१ जना भएको संकल्प लोक सेवाका प्रशिक्षक सरोज साहले जानकारी दिए ।
वीरगंजस्थित रोयल पार्टी प्यालेसमा भएको कार्यक्रममा सखुवा प्रसौनी गाउँपालिकाका अध्यक्ष यसवन्त यादव, धोबिनी गाउँपालिकाका अध्यक्ष मदन चौहान, जनमत पार्टी पर्साका अध्यक्ष ओमप्रकाश सर्राफ, कालिकामाई गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत अमित गिरी, परवानीपुर गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत प्राण मेहता, रेल्बे मावि वीरगंजका प्रधानाध्यापक प्रभु रौनियार लगायतले मन्तव्य राखेका थिए ।

# मिथिला बिहारीमा नयाँ बर्षको शुभकामना आदानप्रदान


**बलिराम कापरी**
**जनकपुरधाम ।**
जनता समाजवादी पार्टी (जसपा) नेपाल मिथिला बिहारी नगरपालिका नगर समितिद्वारा नयाँ बर्ष २०८० को शुभकामना आदानप्रदानसहित युवा समिति गठन गरी कार्यक्रम सम्पन्न भएको छ ।
मिथिला बिहारी नगरपालिका नगर समितिको अध्यक्ष सिता यादव तथा प्रमुख अतिथि जसपा नेपालका राजनीतिक समिति सदस्य महाजन यादव, चन्देश्वर सदा, उर्मिला साह तथा बिशिस्ट अतिथि संघीय परिषद् एवं लेखा समिति सदस्य बलराम महतो लगायतको सहभागितामा शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न भएको हो ।
शुभकामना कार्यक्रमको सम्बोधन गर्दै सदस्य महाजन यादवले देशमा संघीयता र संविधानमाथि धेरै ठूलो खतरा रहेको भन्दै त्यसको रक्षा गर्न पहिचानवादीहरु एकजुट भएर अगाडि बढ्न जरुरी रहेको




बताए ।
उनले मिथिला बिहारी नगरपालिकामा जसपाले धेरै राम्रो काम गरेको भए पनि त्यसका ति कामहरु अन्य पार्टीहरुले आफूले गरेको दाबी गर्ने गरेको बताए । त्यस्तै, राजनीति समिति सदस्य चन्देश्वर सदाले अहिले देशमा नेपाली कांग्रेस, नेकपा एमाले र नेकपा माओवादी पार्टीले आरक्षण समाप्त गर्नका लागि भित्रैभित्र षड्यन्त्र गरिरहेको आरोप लगाए । जसपा सधै किसान र सर्वहारा वर्गका पक्षमा रहेको उनको भनाइ थियो ।
कार्यक्रममा समाजवादी युवा संघ मिथिला बिहारी नगर समितिका संयोजक राजेन्द्र यादवको नेतृत्वमा सम्पूर्ण वडाको प्रतिनिधित्व हुने गरि १७ सदस्यीय समिति बनाएका छन् । सदस्यहरुमा संजिव यादव, दिलिप यादव, हिरालाल यादव, बिजकुमार यादव, राजुकुमार यादव, शैलेन्द्र यादव, कुलदिपकुमार यादव, प्रमोदकुमार रजक, उपेन्द्रकुमार मईल, जितन यादव, मनोजकुमार यादव, बलरामकुमार यादव, रवि कुमार मुखिया, रामु यादव, सरोज यादव र रोशन यादव सहित गठन गरि कार्यक्रममा केन्द्रिय सदस्य चमेलिदेवी दास, हरिनारायण यादव, धनुषा जिल्ला संगठन विभाग प्रमुख सत्रुधन यादव, जिल्ला सदस्य विजय यादव समाजवादी युवा संघका जिल्ला अध्यक्ष दिपेन्द्र कापरी समेतको उपस्थिति थियो ।

# बिशेष महत्व बोकेको चैती छठ

**सञ्जय मिश्रा**
**रौतहट ।**
शास्त्रमा चैती छठ पर्वको बिशेष महत्व रहेको छ । चैती छठलाई सृष्टिको उत्पती र सूर्य पूजासंग जोडिएको छ । चारदिने पर्व रौतहट लगायत तराई मधेशमा कार्तिक महिनामा मनाइने जस्तै अत्यन्तै निष्ठापूर्वक चैती छठ पर्व शुक्रबारदेखि सुरु भएको छ । चैत्र महिनाको शुक्ल चतुर्थीदेखि सप्तमीसम्म चार दिन यो चैती छठ पर्व मनाइने गरिन्छ । चैती छठको पहिलो दिन शुक्रबार नहाए खाए विधि गरिन्छ । दोस्रो दिन शनिबार खर्ना विधि गरिन्छ । खर्नाका दिन व्रतालुले दिनभरि उपवास निराहार बसेर राति अरवा अरबाइन नुन नहालेको खानेकुरा खाने गर्छन् । चैती छठ पर्वको मुख्य दिन



आइतबार व्रतालुले निराहार व्रत बस्नेछन् ।
आइतबार षष्ठी तिथिका दिन निराहार रही साँझ पवित्र नदी पोखरी जलाशयमा बनाइएको छठी घाटमा गएर अस्ताउँदो सूर्यलाई पहिलो अघ्र्य दिने परम्परा रहिआएको छ । सूर्य उपासनाको ब्रत छठी ब्रतालुको फलफूल र ठेकुवा, कसार लगायतका परिकार राखिएको अर्घ अस्ताउँदो सूर्यदेवलाई देखाइन्छ । यसलाई सँझिया घाट भन्ने गरिन्छ । त्यसको भोलिपल्ट सोमबार सप्तमी तिथिका दिन बिहान उदाउँदो सूर्यलाई अर्घ देखाएर चैती छठ समापन गरिन्छ । सप्तमीका दिनको पर्वलाई स्थानीय भाषामा बिनहिया घाट, भोरवा घाट भन्ने गरिन्छ । रौतहटको सदरमुकाम गौर, गरुडा, चन्द्रनिगाहपुर, कटहरिया लगायतको स्थानमा रहेको नदी पोखरी तथा जलासयमा छठ पर्व मनाउने गरिन्छ । बिगतमा चैती छठ गर्नेहरूको संख्या न्यून रहे पनि केही बर्ष यता चैती छठ गर्ने ब्रतालुको संख्या बढ्दै गएको छ । चार दिनसम्म पूर्ण आस्थाका साथ मनाइने छठ पर्व पर्व रौतहट, सर्लाही, बारा, पर्सा, महोत्तरी, धनुषा, सिरहा, सप्तरी, सुनसरीलगायत तराई मधेशमा मनाउने गरिन्छ ।

**चैती छठको बिशेष महत्व**

छठपर्वको बारेमा पौराणिक कथाअनुसार सत्ययुगमा भगवान् श्रीराम, द्वापर युगमा दानवीर कर्ण र पाँच पाण्डवको पत्नी द्रौपदीले सूर्यको उपासना गरेकी थिइन् । छठी माताको पूजासँग जोडिएको एउटा कथाअनुसार राजा प्रियवंदको रहेको छ । जसले सर्वप्रथम छठी माताको पूजा गरेको भनिन्छ । त्यसैगरी चैती छठको सबभन्दा महत्वूर्ण कुरा यो पर्व चैते दशैंको नवरात्रिको बीच मनाउने गरिन्छ । यस दिन देवीको छैटौंरूप देवी कात्यायनीको पूजा गरिन्छ । जबकी नहाय खायको दिन देवी कूष्मांडा रूपको पूजा गरिन्छ ।
खरनाको दिन कुमार कार्तिकेयको माता देवी स्कंद माताको पूजा गरिन्छ । त्यसैले चैत्र नवरात्रिको समय श्रद्धालुले चैती छठको व्रत राख्ने गर्दछिन् । ब्रतालुलाई छठ मैय्यासंगै देवी स्कंदमाता, कूष्मांडा र कात्यायनी देवीको भी आशीर्वाद प्राप्त हुन्छ । चैते छठ पर्व गर्नाले स्वास्थ, बल, आरोग्य, समृद्धि र संतान सुखको प्राप्ति हुने जनविश्वास रहिआएको छ ।

## हक दावी सम्बन्धी सूचना

उपरोक्त सम्बन्धमा जिल्ला धनुषा साविक मुखियापट्टी मुसहरनियाँ गा.वि.स. ३ हाल मुखियापट्टी मुसहरनियाँ गाउँपालिका वडा नं. २ स्थित चलेको विद्यालय प्रिन्स एकेडमी प्रा.लि. हाल नाम परिवर्तित संस्कार इंग्लिश एकेडमी धनुषा मुखियापट्टी मुसहरनियाँ गाउँपालिकाबाट ठाउँ सारी गरी जिल्ला सिरहा मझौरा-१ हाल नवराज गाउँपालिका वडा नं. ३ बस्ने राम नारायण यादवको छोरा जितेन्द्र यादव र जिल्ला महोत्तरी बनौली दनौली-६ हाल पिपरा गाउँपालिका वडा नं.-७ बस्ने कासिम साफीको छोरा जुवेर खानको नाममा यस जनकपुरधाम उपमहानगरपालिका वडा नं. ४ मा संचालन गर्न भनि मुखियापट्टी मुसहरनियाँ गाउँपालिका र जनकपुरधाम उपमहानगरपालिका वडा नं. ४ बाट नाम, स्थान र स्वामित्व परिवर्तनका लागि सिफारिस भई आएकोले उक्त संस्थासँग कुनै संस्था वा व्यक्तिको हक दावी तथा विरोध भए यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र यस उपमहानगरपालिकामा प्रमाणसहितको निवेदन पेश गर्ने गरी स्वामित्व, स्थान र नाम हुन अनुरोध छ।

**अन्जु पाण्डेय**
**शाखा प्रमुख**
**शिक्षा तथा खेलकुद विकास शाखा**

बिसु पर्व

# ‘हुल्ली’ खेल र ‘बिस्या लठ्ठी’



महेश कठायत
maheshkathayat07@gmail.com



बिसु सुदूरपश्चिम प्रदेशका जिल्लाहरुमा बैशाख १ गते मनाइने मौलिक र सांस्कृति पर्व हो । सुदूरपश्चिमका नौ जिल्ला दार्चुला, डोटी, अछाम, बझाङ, बाजुरा, बैतडी, डडेलधुरा, कैलाली र कञ्चनपुरमा ठाउँ अनुसार फरक फकर तरिकाले बिसु पर्व मनाउने गरेका छन् । तराईका जिल्लाहरुमा भन्दा पहाडी जिल्लाहरुमा बिसु पर्व बढी मनाइन्छ । पछिल्लो समय पहाडबाट तराईमा बसाइसराई गर्ने क्रम बढेसँगै विस्तार बिसु पर्व तराईका जिल्ला (कैलाली र कञ्चपुर)मा पनि मनाइने गरेको छ । हिन्दू सम्राट विक्रमादित्यको पराक्रम र जन्मोत्सवको खुशीयालीस्वरूप पौराणिककालदेखि नै बिसु पर्व मनाउने गरिएको विश्वास छ । सूर्यले पृथ्वीको परिक्रमा वैशाख १ गते पूरा गरेको विश्वासमा पनि यो पर्व मनाइने गरेको किंवदन्ती पाइन्छ ।

बिसु पर्व चैत महिनाको अन्तिम दिन र वैशाख महिनाको पहिलो दिन गरी दुई दिनसम्म मनाइन्छ । वर्षको अन्तिम दिन घर परिवार एक ठाउँमा जम्मा भएर मिठो मसिनो सेल, पुरी, माडा लगायत मिष्ठान्न परिकार बनाएर सबै एक ठाउँमा बसेर खाने चलन रहेको छ । साथै वर्षको अन्तिम दिन घर परिवारमा ‘वर्ष समीक्षा’ गर्ने गर्छन् । साथै कतिपय समुदायमा चैतको अन्तिम दिन रागाँ र बोकाको बली चढाउने गर्छन् ।

बिसु पर्वका अवसरमा आफन्त तथा नातेदारहरुलाई निम्तो दिएर घरमा बोलाउने गरिन्छ । वर्षको पहिलो दिन अर्थात् बिसु पर्वको दिन बिहानै स्नान गरी सिस्नो लगाउने गरिन्छ । सिस्नो लगाउँदा शरिरमा भएको विष (बिकार बस्तु) नाश हुने र रोगव्याधीबाट मुक्त भइने जनविश्वास रहेको छ । देवर–भाउजु, नन्द–भाउजु, साली–भिनाजु, फुपु–सालीहरुका बीचमा सिस्नो र पानी छ्याप्दै बिसु पर्व मनाउने चलन छ ।

एउटै जिल्लाका विभिन्न स्थानहरुमा पनि बिसु पर्व फरक–फरक तरिकाले मनाइरहेका हुन्छन् । कतिपय समुदायमा लौरो नचाउने, बाघ र भालु जस्ता जंगली जनावरहरुको जस्तै अभिनय गर्ने चलन पनि रहेको छ । यसले गर्दा जंगली जनावरहरुबाट हुने आक्रमणबाट बच्ने जनविश्वास रहेको पाइन्छ ।

बिसु पर्व मनाउने तयारी भने केही दिन अगाडिदेखि सुरु हुने गर्छ । बिसु पर्व मनाउनका लागि देशका विभिन्न ठाउँ तथा विदेशमा रहेका सुदूरपश्चिमेलीहरु घर फर्किने गर्छन् । विशेषगरी सुदूरपश्चिमेली अधिकांश रोजगारीको शिलशिलामा भारतका विभिन्न शहर गएकाहरु घर फर्किन्छन् । चैत महिनाको अन्तिम सातातिर नयाँ वर्ष जति नजिकिँदै जान्छ, गृहणीलाई रातो माटो र कमेरोले घर ‘छिप्रे’ (लिपपोत) कामको चटारो पनि उत्तिकै बढ्दै जान्छ । चैत मसान्तसम्म प्रायः गाउँभरीका घरहरु रातो मटो र कमेरोले चिटिक्क पारिसकेका हुन्छन् ।

‘जंगलबाट लौरो काटेर ल्याउने र त्यसलाई रंग रोगनद्वारा आकर्षक बनाई प्रत्येकको घरमा वर्षभरी राख्ने चलन छ ।’


यस लौरोलाई स्थानीय भाषामा ‘बिस्या लठ्ठी’ भनिन्छ । वर्षको अन्तिम दिन नै जंगलबाट ‘बिस्या लठ्ठी’ ल्याउने र पहिलो दिन विहानै आकर्षक बनाएर राख्ने गरिन्छ । हरेक घरमा त्यति नै ‘बिस्या लठ्ठी’ बनाइएको हुन्छ, जति घरमा पुरुष सदस्य हुन्छन् । दिउँसो तीर गाउँका हरेक घरबाट एक जना ‘बिस्या लठ्ठी’ बोकेर गाउँभन्दा केही परको चौरमा गएर लौणी सेलाउने गर्छन् । त्यसलाई स्थानीयहरुले ‘बिसुका लौणी लणाउनु’ भन्ने गरिन्छ । सोही गाउँमा घरमा हुल्ली (बोरा सिलाएर बनाइएको भकुण्डो) खेल्ने गरिन्छ । गाउँघरमा हुल्ली खेल्न इच्छुक सबै जना एउटा चौरमा जम्मा भएर ‘हुल्ली’ नच्यात्तिएसम्म खेलिन्छ । वैशाखको पहिलो दिन बिसु पर्वकै दिन दिदीबहिनीहरुले पुतली खेलाउने परम्परा छ । बिसु पर्व सुरु हुन भन्दा करिब दुई साता अघिदेखि नै गाउँघरका दिदीबहिनी एक ठाउँमा भेला भएर कपडाबाट बनाइएका पुतलीहरु बनाउँने गर्छन् ।

सोही पुतलीहरुलाई बिसु पर्वको दिन घरबाट केही परको दूरीमा सेलाउने गर्छन् । सुदूरपश्चिममा मनाइने बिसु पर्व विभिन्न समुदायले आआफ्नो तरिकाले मनाए पनि बिसु पर्वका अवसरमा एकआपसमा साटसाट गर्ने माया प्रेम, स्नेह र सद्भावले बिसुलाई अझै आत्मिय बनाउँदै लगेको छ । बिसु पर्वको शुभकामना !

# लोक देवता सलहेस र महोत्सव



● राजेश्वर नेपाली





प्राचीन मिथिलाको उत्तरार्थ कालमा पनि एक से एक महान योद्धाहरु जन्मेका थिए र उनिहरु मध्येकै लोक नायक राजा सलहेसको जन्म आज भन्दा ७५७ वर्ष पूर्व वर्तमान सिरहा जिल्लाको सदरमुकाम सिरहामा भएको थियो, जो उहिले महिसौथा राज्यको राजधानी थियो र गढ महिसौथाको नामले प्रख्यात छ ।

विक्रम सम्वत १३२४ सालको प्रथम दिन वैशाख १ गते पिता सोमन र माता मन्दोदरीको कोखबाट सलहेसको जन्म भएको थियो र पछि बराटपुरकी राजकन्या सत्यवर्ती सित उनको विवाह भएको थियो ।

दलित दूसाध जातिमा जन्मेका सूर वीर सलहेस पकडिया राजको राजा चोधरमलको अत्याचारले सम्पूर्ण मिथिलावासी पीडित रहेको बेलामा त्यसको घोर विरोध गर्दा अघि उनको भाई बुधेसर बन्दि बनाइयो र पछि स्वयं सलहेस पनि बन्दि बनाइएका थिए । तर कुसमा मालिन जो सलहेस प्रति राधा जस्तै मोहित थिइन छलबलले उनलाई जेल मुक्त गराइन र बहिनी वनसुप्तदेवी तथा बहिनी ज्वाई मोती लाले एवं भान्जा करिकन्हा तथा चौधरमल समेत मिलेर राजा कुलेशरलाई समाप्त पारेर मिथिलाको राजा बनेका थिए ।

मिथिलाञ्चलको धनुषा, महोत्तरी, सर्लाही, सिरहा र सप्तरी तथा उदयपुर समेतका जिल्लाहरु तथा दक्षिणी भारतीय क्षेत्रको मधुबनी र सीतामढी जिल्लाका लाखौं लाख झण्डै एक करोड भन्दा बढि जनसंख्या भएको क्षेत्रमा लोक देवताको रुपमा पूजित सलहेस सात शताब्दी वर्ष पूर्व भएतापनि आज पनि लाखौं परिवारको कुल देवता र हजारौं गाउंमा लोक देवताको रुपमा पूजित रहेका छन् ।

उहां ७५७ वर्ष पूर्व जन्मेको महिसौथा गढमा हरेक वर्ष नववर्षको दिन हजारौं हजार मानिसहरुका मेला लाग्ने गरेको छ । गणतन्त्र नेपालको सरकारले महिसौथा र उनको जीवनीसित सम्वद्ध फूलवारी समेतका स्थलहरुका विकासको लागि दुई वर्ष पूर्व २०६७ पौष १७ मा सलहेस क्षेत्र पर्यटन प्रवद्र्धन विकास समितिको गठन गरेतापनि देशमा रहेको राजनैतिक अस्थिरताले खासै काम हुन सकेको छैन ।

महिसौथा गढ जो अब सिरहा नगरपालिकाका अन्तर्गतको प्रमुख दर्शनीय स्थल बनेको छ र वैशाख १ गते त्यहाँ लाखौं श्रद्धालुहरु जो दलित मात्र होइन कि हरेक जात जातिका रहन्छन्, को साथै फूलवारी र मानेकदह पनि श्रद्धालुहरुको ठूलो भीड लाग्छन् । त्यसको भोलिपल्ट फूलवारी देखि ३ कि.मी. दक्षिण महेशपुर गाविसको पताइर पोखरीमा वैशाख २ गतेको विहानैदेखि निःसन्तान हजारौं महिलाहरु पोखरीमा नुहाएर सन्तति सुख प्राप्त गर्दछिन् ।

विश्वको सबभन्दा अग्लो शिखर सगरमाथा रहेको अंचलको दक्षिणी भागमा रहेको सिरहा जिल्लामा राजमार्गको चोहर्वा चौकदेखि २० किलोमिटर दक्षिणमा रहेको जिल्लाको सदरमुकाम सिरहा नगरपालिकामा स्थित गढ महिसौथामा हरेक वर्ष वैशाख १ र २ गते ठूलो मेला लाग्छ । त्यहाँ लोक देवता सलहेसको कलात्मक मूर्ति र मन्दिर छ ।

### फूलवारी धाम

राजमार्गको लहानदेखि ३ कि.मी. पश्चिम राजमार्ग देखि १ कि.मी. दक्षिणमा जोडिएकै पडरिया गाविसमा फूलवारी धाम छ । जो आधा किलोमिटरमा जंगलमय छ र त्यहाँ खोलाको मुहान र सलहेसको मन्दिरको साथै एउटा रुखमा अनौठो किसिमको फूल १ गतेको दिन मात्र फूल्छ जस्लाई कुसमा मालिनको प्रेमको प्रतीकको रुपमा लिइन्छ । किमवदन्ती अनुसार महिसौथाबाट सलहेस हरेक विहान मानिक दहमा स्नान गरेर फूलवारीबाट फूल टिपेर महिसौथामा फर्केर पूजा गर्दथिए । त्यसैले ती सबै स्थलहरु दर्शनीय हुन पुगेको छ ।

उनको जीवनीसित सम्वद्ध कमल दह राजमार्गको चोहर्वा चौकदेखि ५ कि.मी. उत्तरको फूलवरिया गाविसको उत्तरी भागमा पहाड छेउमा पर्दछ । जो १ कि.मी. लामो छ र रारा दहपछिको दोश्रो भएर पनि त्यसको पर्यटकीय विकास हुन नसकेकोले त्यो राष्ट्रिय ख्याति प्राप्त न गरेतापनि सम्पूर्ण मिथिलामा प्रख्यात छ ।

साढे सात सय वर्ष बित्तिसक्दा पनि लोक संस्कृतिको अंग बनिसकेको लोक देवता सलहेस र उनको जीवनीसित जोडिएको महिसौथा फूलवारी, कमल दह, परवा पोखरी र पताइर पोखरीलाई जोडेर पर्यटकीय विकास गरेमा अहिले वर्षेनी एक लाख भन्दा बढि यात्रीहरु पुग्ने गरेका वैशाख १ र २ को सलहेस मेला ठूलो रुप लिन सक्छ । हुन त पंक्तिकारले अद्र्ध शताब्दी पूर्व गएर हेरेको सलहेस मेला र अहिलेसम्ममा कुनै खासै अन्तर देखा न परेपनि अब यस्को संभावित विकास कसैले रोक्न सक्दैन भन्ने कुरा सलहेस क्षेत्र पर्यटन प्रवद्र्धन विकास समितिको गठनले केही आश जागेको थियो तर त्यो समिति काम विनै खत्म भए र अहिलेसम्मको अवस्था नगण्य नै छ । अतः अहिले देशमा तीन तहको सरकार रहेकोले अन्तर्राष्ट्रिय स्तरको रपमा यसको विकास गर्न नै अहिलेको आवश्यकता रहेको छ ।

(दिवंगत सिद्धहस्त पत्रकार, लेखक नेपालीको आलेख सान्दर्भिक भएकाले पुनः प्रकाशन गरेका हौं भने केही शब्द उहाँका छोरा राघवेन्द्र साहले अद्यावधिक गरेको जानकारी गराउँदछौं । –सम्पादक)

# नेपालमा महाकुम्भ मेला र यसको धार्मिक महत्व



मणिराम दाहाल



सुनसरी जिल्लाको बराहक्षेत्र नगरपालिकास्थित प्राचीन हरिद्वार चतराधाम कुम्भ नगरीमा गत मङ्गलबारदेखि १२ वर्षे कुम्भमेला सुरु भएको छ । यस अवसरमा यहाँ आई महिना दिनसम्म व्रत बस्ने, आफ्ना इष्ट देवताको पूजाअर्चना गर्ने, पाठपरायण गर्ने गराउने र स्नान गर्ने गरिन्छ । पूर्ण महाकुम्भ मेला मूल आयोजक समितिका अनुसार यस मेलामा देश विदेशका लाखौँ धार्मिक भक्तजनको सहभागिता रहने अपेक्षा गरिएको छ । मेला चैत २७ देखि आगामी वैशाख २८ गतेसम्म लाग्नेछ । मेलामा राम्रो सुरक्षा व्यवस्था गरिएको आयोजकले जनाएका छन् ।

धार्मिक र पर्यटकीय हिसाबले महत्वपूर्ण मानिएको कुम्भ मेलामा नेपाल र भारतका भक्तजनहरु सहभागी हुनेछन् ।

आध्यात्मिक हिसाबले अत्यन्त महत्वपूर्ण मानिएको सुनसरी बराहक्षेत्रको प्राचीन हरिद्वारा चतराधाममा एक महिने पूर्णमहाकुम्भ मेला लाग्ने भएपछि यहाँको सम्पूर्ण क्षेत्र उत्साहित भएको यस महाकुम्भमेलाका परिकल्पनाकार जगत्गुरू बालशन्त मोहनशरण देवाचार्यले बताए । उनले कुम्भ मेलाबाट नेपाल र नेपालीबीचको एकता तथा धार्मिक सद्भावमा विकास हुनेहुँदा देश विदेशबाट यस मेलामा दर्शनका लागि चतरा आउने भएकाले पनि यसको महत्व बढेर जाने उल्लेख गर्दै बर्सेनि धर्मका नाममा विदेशिने रकम रोकथाम गर्न कुम्भ मेला आवश्यक भएको जानकारी दिए ।


मेला भव्यतारुपमा सम्पन्न गर्न बराहक्षेत्र नगरपालिकाको पनि पहल रहेको छ । मेलाका लागि सरसफाइ, पण्डालको निर्माण, प्रचारप्रसार, विद्युत् तथा सञ्चार सुविधा, शान्तिसुरक्षा तथा विपद् जोखिम न्यूनीकरणलगायतका सबै तयारी गरिएको छ । साथै मेला अवधिभर चतरामा मासुजन्य पदार्थ र मदिरा बिक्रीवितरणमा पनि निषेध गरिएको छ ।

## महाकुम्भ मेलाका विशेषता

कुम्भ मेलामा कोटीहोम, वेदपाठ, पुराणवाचन, स्वदेश तथा विदेशका जगत्गुरू, शङ्कराचार्यहरू, धर्माचार्यको सहभागिता प्रवचन, भजनकीर्तन, शास्त्रार्थ सम्मेलनलगायत महास्नान हुनेछ । बाह्रकुम्भमध्ये नेपाललगायत भारतका प्रयाग, नासीक, उज्जैन र हरिद्वारमा कुम्भमेला लाग्ने गर्दछ । कुम्भ मेलाले हाम्रो देशमा हराउँदै गएको धर्म, संस्कार र संस्कृतिको पुनरुत्थान गरेको धार्मिक जानकारहरू बताउँछन् ।

अघि समुद्र मन्थन जस्तो साह्रै कठिन कार्य शुभारम्भ भयो र त्यसबेला अमृतको सट्टा हला हल बिष निस्कियो । त्यस्तो बिघ्नबाधा आउँदा पनि त्यसबाट पछि नहटी डटिरहँदा कार्य सफल भई अमृतको घडा प्राप्त भएको र सो घडा असल व्यक्तिको हातमा र राम्रो स्थानमा रहोस् भनी कामना गरिएको र सो घडा रहेको एक क्षेत्र कोसी किनारको चतरा रहेको शास्त्रीय मान्यताका आधारमा यस क्षेत्रमा चैत महिनामा कुम्भ मेलाको प्रचलन सुरु गरिएको जगत्गुरु देवाचार्यको भनाइ छ ।

नेपाल र नेपालीको सम्मानसँग जोडिएको विश्वकै पाँचौँ कुम्भका रूपमा अन्तर्राष्ट्रिय जगत्मा ख्यातिप्राप्त १२ वर्षे पिण्डेश्वर पूर्ण महाकुम्भ मेलाको प्रचारप्रसार सुदूरपश्चिमका दार्चुलादेखि ताप्लेजुङसम्म मात्र नभएर भारत, भूटान, अमेरिका, अष्ट्रेलिया र क्यानडा नर्वे बेलायतजस्ता देशहरुमा पुगेको छ । त्यसैगरी भारतका विभिन्न क्षेत्रबाट जगत्गुरु धर्माचार्य, महामण्डलेश्वर शन्तमहन्त तथा मुख्यमन्त्री, पूर्वमुख्यमन्त्रीज्यूहरु पनि यस मेलामा उत्साहजनकरुपमा उपस्थिति हुने गरेकाले पनि यसको महत्व झन् बढ्दै गएको छ । यसपटकको कुम्भमेला सफल बनाउन अमेरिकास्थित अन्तर्राष्ट्रिय निम्बार्क आध्यात्मिक प्रतिष्ठान, धर्माचार्य भागवत्शरण महाराजलगायत करिब ५० जनाको टोली यहाँ आएका छन् ।



## महाकुम्भ मेलाको शास्त्रीय मान्यता

नेपाल र नेपालीको छुट्टै पहिचान कायम गर्न सक्षम रहेको कुम्भ मेलामा सहभागी भई पुण्य कमाउन आयोजकले अपिल गरेका छन् । यहाँ प्रत्येक छ वर्षमा अर्धकुम्भ र १२ वर्षमा पूर्णमहाकुम्भ मेला लाग्ने गरेको छ । नेपालमा प्रथम पिण्डेश्वर कुम्भ मेला महोत्सवका रूपमा २०५९ चैत ६ गतेदेखि सुरु भएको हो । त्यसयता यहाँ चैत महिनामा एक महिनासम्म सञ्चालन हुने गरेको छ । त्यसैगरी विसं २०६३ चैत ६ गतेदेखि एक महिनासम्म अर्धकुम्भका रूपमा प्राचीन हरिद्वार चतरामा मेला लागेको थियो । यसअघि विसं २०७० मा १२ वर्षे महाकुम्भ मेला आयोजना गरिएको थियो ।

यहाँ अर्धकुम्भ मेला विसं २०७५ र ०७६ मा लागेको थियो । समुन्द्र मन्थनबाट निस्किएको अमृतको घडाबाट भारतका जुन स्थानमा एक एक थोपा अमृत झरेको थियो, तिनै स्थानमा कुम्भ मेला लगाउने चलन रहेको थियो । शास्त्रीय मान्यताअनुसार नेपालमा रूद्राक्षको सुन्दर वनमा अमृतको तरलाई पिण्ड बनाएर स्थापना गरिएपछि यसै स्थानमा कुम्भ मेलाको प्रचलन सुरु गरिएको जगत्गुरु देवाचार्य बताउँछन् ।

कुम्भ आयोजना हुन थालेसँगै हिमवत्खण्डको कौशिकी किनारमा रहेको प्रसिद्ध प्राचीन हरिद्वार चतरा राष्ट्रिय अन्तर्राष्ट्रियरूपमा परिचित हुँदै आएको तथा धार्मिक मात्र नभई मुलुकमा धार्मिक पर्यटनका माध्यमबाट आर्थिकरुपमा पनि फलदायी भएको छ । नेपालमा कुम्भ मेलाको खोज अनुसन्धान गरी शास्त्रीय आधारमा कुम्भको सुरुआत बालसन्तले गर्नुभएको हो ।

कुम्भ मेलालाई हिन्दू धर्मावलम्बीको एक महान् स्नान पर्वका रुपमा लिइन्छ । शास्त्रले १२ वटा कुम्भस्थल व्याख्या गरेको छ । हाल खोजी भइसकेका जम्मा पाँच कुम्भ मेलामध्ये चार कुम्भस्थल भारतका हरिद्वार, प्रयाग, नाशिक र उज्यैन हुन् । जहाँ प्रत्येक १२÷१२ वर्षमा कुम्भ मेला लाग्ने गर्दछ । बाँकी एक कुम्भस्थल नेपालको सुनसरी जिल्लास्थित कोसी नदीको किनार प्राचीन हरिद्वार चतराधाममा रहेको शास्त्रहरूले प्रस्तुत गरेको जगत्गुरु बालसन्त मोहनशरण देवाचार्य बताउँछन् ।

उनले समुन्द्र मन्थनपछि उत्पन्न अमृतमय कुम्भ घडा आफ्नो बनाउन देवता र दैत्यकाबीच भएको तानातानका क्रममा जहाँजहाँ अमृत खस्यो, त्यहाँत्यहाँ कुम्भपर्व सुरु भएको बताइएको उल्लेख गरे । जगत्गुरु बालसन्त महाराज कुम्भ मेलाको महत्व दर्शाउँदै नेपालको प्राचीन हरिद्वार चतराधाममा लाग्ने कुम्भ मेलाका सन्दर्भमा श्रीमद्स्कन्द महापुराणमा स्पष्टरुपमा बताइएको उल्लेख गरे । नेपालको सुनसरी जिल्लाको धरानअन्तर्गत पवित्र तीर्थ विजयपुर पर्वतका शिखरमा रुद्राक्षारण्यका बीचभागमा अमृत पिण्डस्वरूप पिण्डेश्वर महादेव विराजमान भएका छन् । स्कन्दपुराणमा अमृतको एक बिन्दु झरेको हुँदा नासिक, उज्ज्जैन, प्रयाग र हरिद्वारमा कुम्भमेला भएको देखिन्छ । नेपालको विजय पर्वतमा अमृतको थोपामात्र नभएर स्वयं अमृत कलशमाथि जमेको तर वा सारलाई नै पिण्डरूप शिवलिङ्ग बनाएर स्थापना गरेको प्रमाण शास्त्रहरूमा छ ।

## महाकुम्भ मेला र जगत्गुरु देवाचार्य

जगत्गुरु बालसन्त मोहनशरण देवाचार्यको जन्म विसं २०३३ मङ्सिर २७ गते झापाको हँडिया बुधबारेमा भएको हो । भारतको वृन्दावनबाट शिक्षा आर्जन गरेका उनको पर्शुराम देवाचार्यसँग भेट भएपछि उनकै मार्गदर्शनबाट त्यहाँ पुग्नुभएको हो । त्यहाँ पुगेपछि देवाचार्यले ज्ञान भक्ति र साधना प्राप्त गरे । निम्वार्क सम्प्रदायमा दीक्षित भएपछि उहाँको गुरुप्रदत्त नाम मोहनशरण रह्यो । उनको लगनशीलता, कर्तव्यनिष्ठता एवं शान्त स्वभाव र शास्त्रीय विद्धताजस्ता सन्त स्वभावका कारण वृन्दावनका वरिष्ठ विद्वानहरुको भेलाले श्रीनिम्वार्क संस्कृत महाविद्यालयमा बालसन्त उपाधिले विभूषित गरेका थिए ।

वृन्दावनमा बस्दै गर्दा आफू सपनामा नेपाल फर्केको देखेपछि घुम्दै जाने क्रममा बराहक्षेत्रस्थित चतरामा उभिएर उत्तरपट्टि फर्कदाको दृष्य आफूले सपनामा बारम्बार देख्ने गरेपछि आश्चर्यमा परी उनले यस पवित्र भूमिको थप अध्ययन र अनुसन्धानमा लागेको बताउँछन् । यस पवित्र तीर्थस्थलको दूरावस्था देख्दा उहाँको मन दुखेको र बराहक्षेत्रलाई सुन्दर र गौरवशाली बनाउन आफू लागेको उनी बताउँछन् । बराहक्षेत्र चतरालाई प्राचीन हरिद्वार घोषणा गरी धाममा परिणत गरेर उनी यसै क्षेत्रको प्रवद्र्धनमा लागेका हुन् ।

जगत्गुरु बालसन्त महाराजले २०५५ सालको साउन ४ गतेदेखि बराहक्षेत्रदेखि मुक्तिक्षेत्रसम्म पैदलयात्रा प्रारम्भ गरे । यो ५५ दिने पैदलयात्रा सम्पन्न गरी चतराधाममा द्वादश दिवसीय श्रीमद्गोपाल महायज्ञ सम्पन्न गरे । जुन महायज्ञ नेपालमै पहिलो पटक सम्पन्न भएको थियो । यस कार्यले भक्तहरूका माझ उनी झनै परिचित भए । श्रीमद्भागवत महापुराणमा उनको बाचन र प्रस्तुतिले पनि उनी लोकप्रिय भए । उनले नै स्कन्दपुराणको गहिरो अध्ययन अन्वेषण गरी शास्त्रीय प्रमाणका आधारमा नै नेपालमा २०५९ साल वैशाख १ गतेदेखि एक महिनासम्म नेपाल बृहत् प्रथम पिण्डेश्वर कुम्भ महोत्सवको सुरुआत गराउन सफल भएका थिए । कुम्भमेलाको आयोजना गरी विश्वमै नेपाल र नेपालीको छुट्टै पहिचान कायम गरेर नेपालको गौरव बढाउने काममा उनी लागेका हुन् । यसै योगदानको उच्च मूल्याङ्कन गर्दै उनलाई विसं २०६७ मा भारतको काशी पण्डित सभाले जगत्गुरुको उपाधिद्वारा विभूषित गरेको हो ।

जगत्गुरु बालसन्त देवाचार्यले प्राचीन हरिद्वार चतराधाममा भव्यताका साथ गोपाल महायज्ञ सम्पन्न गरेर संस्कृत शिक्षाको प्रवद्र्धन गर्न चतराधाममा संस्कृत गुरुकूलको स्थापना पनि गरे । स्वदेशमै रहेका धार्मिक शक्तिपीठ एवं पवित्र धामहरुको खोजी गर्ने क्रममा बालसन्त देवाचार्यले २०७२ वैशाख ५ गते महाकालीबाट पैदल यात्रा प्रारम्भ गरे । सबैको घरदैलोमा पुग्दै नेपालका पचहत्तरै जिल्लाको पैदल यात्रा सम्पन्न गरी २०७४ माघ २२ गतेदेखि द्वादश दिवशीय राष्ट्रभक्ति जागरण महायज्ञको आयोजना गरेर महाकाली गङ्गामा १८ करोड दीप प्रज्ज्वलनका साथ आफ्नो भ्रमणको समापन गरेका थिए ।

विसं २०५० को दशकमा चतरास्थित अहिलेको कुम्भक्षेत्र चतराधाम मसानघाट जस्तै थियो । यहाँ कुनै बस्ती थिएन भने खर र बाक्लो खयर उम्रिएको झाडी थियो । मानिसहरु डराएर एक्लै ओहोरदोहोर गर्ने चेष्टा पनि गर्दैनथे । विसं २०५४ तिर बालसन्त देवाचार्य यहाँ आएपछि उनको अगुवाइमा कोसीको तातो बालुवा उड्ने उराठलाग्दो स्थानमा संरचना निर्माण हुन थाले र अहिले यसप्रकारको कुम्भनगरीमा परिणत भएको छ । उनले यस क्षेत्रका बारेमा पनि व्यापक खोज अनुसन्धान थालेर सबै शास्त्रकै प्रमाणका आधारमा नै नेपालमै प्रथम कुम्भ मेलाको सुरुआत गराए ।

त्यसपछि त चतरा प्राचीन हरिद्वार बन्न पुग्यो । विगतमा मसानघाटका रूपमा चिनिएको चतरा अहिले ठूलो तीर्थस्थलका रुपमा विकसित भएको छ । विसं २०५९ बाट यही स्थानमै महाकुम्भ मेलाको प्रारम्भ नै भयो र अहिले यो पाँचौँ कुम्भ सुरु भएको छ । समुद्र मन्थनबाट निस्किएको अमृत इन्द्रपुत्र जयन्तले लिएर भागेका र भाग्दै जाँदा भारतका नासिक, उज्जैन, प्रयागमा एक÷एक थोपा झरेको तथा देवताहरुले लखेटेको देखेर जयन्तले त्यो अमृतको घडा नेपालको हिमालय पर्वतको शिखरमा ल्याइराखेको शास्त्रमा उल्लेख छ । त्यतिबेला सो अमृत तरजस्तो भएको र भगवान् विष्णुको मोहिनी अवतारले त्यो तरलाई निकालेर एउटा पिण्ड बनाउनुभएको पछि महिना दिनसम्म त्यस पिण्डलाई पूजा आराधना र अभिषेक गरेर वर्तमान सुनसरी जिल्लाको धरान बजारभन्दा उत्तरपूर्वी क्षेत्रको बराह मन्दिर समीप र कोसी नदीको उत्तरतर्फको विशाल पर्वत शृंखलामा लगेर स्थापना गरेकाले यसको नाम पिण्डेश्वर रहन गएको पनि शास्त्रमा उल्लेख छ ।

जगत्गुरु देवाचार्य भन्छन्, ‘अरु पनि धेरै प्रमाण मैले विस्तृतरुपमा व्याख्या गरिसकेको छु । नेपालमा अमृतको तरलाई नै पिण्ड बनाएर राखिएकाले नै कुम्भको प्रचलन हामीले उचित स्थानमा गरेका छौँ । चैत शुक्ल प्रतिपदाबाट यो कुम्भको प्रारम्भ हुने हुनाले यो चैत्रबाट अपभ्रंश भई चतरा हुन पुगेको हो । त्यसकारण पनि यस कुम्भ मेलाको ठूलो धार्मिक महत्व रहेको छ ।’

यस कुम्भ मेलामा आएर स्नान, दान, यज्ञ, अनुष्ठान, यजन र पूजन गर्दा कहिल्यै पनि ननासिने अर्थात् अक्षय नहुने पुण्य प्राप्त हुने जगत्गुरु देवाचार्यको भनाइ छ । यस कुम्भका समयमा ब्रह्मा, विष्णु, महेश्वर तथा देवताहरुका राजा इन्द्र र अन्य देवगण यसै कुम्भको तिथि पारेर यहाँ स्नान गर्न आउने भएकाले यस समयमा यहाँ स्नान गर्नाले अक्षय पुण्य प्राप्त हुने शास्त्रीय मान्यता छ । नेपालमा यो कुम्भ मेला सुरु भएपछि धार्मिक पर्यटनको विकास हुनुका साथै नेपालको प्राचीन चतराधामको प्रचार विश्वव्यापी भएको छ । हरेक १२ वर्षमा लाग्ने यस मेलामा सहभागी भई पुण्य कमाउनु जगत्गुरु देवाचार्यले समग्र वैदिक सनातन परिवारलाई आमन्त्रण गरेका छन् । रासस

## पर्यटन राजधानी पोखरा

# जाग्दै आशा, बढ्दै लगानी

एकराज पाठक र वासुदेव पौडेल


अङ्ग्रेजी नयाँ वर्षमा भएको पर्यटकको उल्लेख्य उपस्थितिले उत्साहित भएका पर्यटनको राजधानी पोखराका पर्यटन व्यवसायी नेपाली नयाँ वर्षको आगमनको पूर्वसन्ध्यामा देखिन थालेको चहलपहलबाट थप खुसी छन् । बहत्तरको भूकम्पपछिका विभिन्न आरोह–अवरोह भोग्दै कोरोना कहरसम्मले तहसनहस बनाएको यहाँको पर्यटनमा आगामी दिनका लागि आशाका किरण चम्किन थालेको महसुस भएको छ । पोखरामा पर्यटनलक्षित पूर्वाधार विकासकै क्रममा हालसम्म छ खर्ब रुपैयाँ भन्दा बढी लगानी भइसकेको पोखरा पर्यटन परिषद्का अध्यक्ष पोमनारायण श्रेष्ठको अनुमान छ । उनका अनुसार समग्र गण्डकी प्रदेशको पर्यटन क्षेत्रमा सात खर्ब रुपैयाँभन्दा बढीको लगानी छ ।

निर्माणाधीन सडक पर्यटकका लागि चुनौतिपूर्ण भइरहे पनि चाँडै नै यी सडकले पूर्णता पाउने आशामा यहाँका व्यवसायी छन् । काठमाडौँमा आएका विदेशी पर्यटकमध्ये लगभग ५० प्रतिशत पोखरामा आउने गरेका अध्यक्ष श्रेष्ठले जानकारी दिए । पोखराको पर्यटनमा गण्डकी प्रदेशको ‘आन्तरिक भ्रमण वर्ष, २०१९’ र नेपाल सरकारको ‘नेपाल भ्रमण वर्ष, २०२०’ लाई लक्षित गरी ठूलै लगानी थपिएको यहाँका व्यवसायी बताउँछन् । तत्कालीन समयमा सरकारले पनि लगानी थप्नका लागि आह्वान गरेअनुसार लगानी थपेका व्यवसायी त्यसलगत्तै आएको कोरोना महामारीका कारण ठूलो सङ्कटमा परेका अध्यक्ष श्रेष्ठले बताए ।

पूर्वाधारमा लगानी थप्दै गएका अवस्थामा एकाएक रूपमा देखापरेको कोरोना महामारीले यहाँको पर्यटन व्यवसायलाई नराम्रोसँग थला पारेको थियो । कोरानाले थला पारेको पर्यटन विस्तारै पुरानै गतिमा फर्कने आशा पलाएको बताउँदै उनले अङ्ग्रेजी नयाँ वर्ष र त्यसयता देखिएको उत्साहले अब भने यहाँको पर्यटन पूर्ववत् अवस्थामा नै फर्कने अपेक्षा गरिएको बताए ।

पोखराको पर्यटनलाई चलायमान बनाउन यहाँका पर्यटनसम्बद्ध सङ्घसंस्थाले प्रवर्द्धनका गतिविधि निरन्तर गरिरहेका श्रेष्ठले बताए । पछिल्ला समयमा भारतीय पर्यटकको आगमन उत्साहजनक रूपमा बढिरहेको बताउँदै उहाँले पोखरा–मुग्लिन सडकको निर्माणाधीन अवस्थाका कारण आवतजावतमा कठिनाइका बीच पनि भारतीयहरू ठूलै संख्यामा पोखरा आइरहेका उनले जानकारी दिए । ‘पोखरामा भारतीय पर्यटकको आगमन उत्साहजनक छ, चिनियाँ पर्यटकको आगमन भने अझै अपेक्षित रूपमा बढ्न सकेको छैन’ उनले भने । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले मुक्तिनाथको भ्रमण गरेसँगै ठूलो संख्यामा भारतीय पर्यटक आउने क्रम बढेकामा कोरोनासँगै भारतीय पर्यटकको आगमन पनि प्रभावित बनेको थियो । पछिल्ला समयमा भारतीय पर्यटकको आगमन पनि उत्साहजनक रूपमा नै बढ्दै गएको छ । बाटोका विद्यमान असहजताका बीच पनि भारतीय पर्यटक आफ्नै सवारीसाधन लिएर पनि पोखरा आउने गरेका छन् ।

नेपाल सरकारले २० लाख पर्यटक भित्र्याउने लक्ष्यका साथ सन् २०२० लाई नेपाल भ्रमण वर्ष घोषणा गर्दै पर्यटन क्षेत्रमा लगानी गर्न गरेको आग्रहसमेतका कारण पोखराका होटलमा पूर्वाधार थप गर्न तत्कालीन समयमा यहाँका व्यवसायीले ठूलै लगानी बढाएका होटल सङ्घ पोखराका अध्यक्ष लक्ष्मण सुवेदीले बताए । सन् २०१९ मा गण्डकी प्रदेश सरकारको आन्तरिक भ्रमण वर्ष घोषणा र सन् २०२० मा सङ्घीय सरकारको नेपाल भ्रमण वर्ष



घोषणाले व्यवसायीलाई लगानीका लागि हौस्याए पनि लगत्तै आएको कोरोना महामारीले त्यसपछिका दुई वर्ष पर्यटन शून्यतामा झर्दा व्यवसायी गम्भीर समस्यामा परेका उनको भनाइ छ । भ्रमण वर्षको घोषणायता हालसम्म पोखरामा थप एक खर्ब रुपैयाँ भन्दा बढी पर्यटन क्षेत्रमा लगानी भइसकेको उनले जानकारी दिए ।

‘आन्तरिक भ्रमण वर्षदेखि नेपाल भ्रमण वर्ष र पोखरामा बन्दै गरेको अन्तर्राष्ट्रिय विमानस्थलका कारण पनि पर्यटक बढ्ने आशामा व्यवसायीले लगानी बढाएका थिए’, अध्यक्ष सुवेदीले भने, ‘विडम्बना लगानी थप्दै गर्दा एकाएक आएको कोरोनाका कारण यहाँको पर्यटन दुई वर्षभन्दा बढी शून्यप्रायः नै बन्न पुग्यो ।’ सन् २०१९ मा १२ लाख ६० हजारको संख्यामा विदेशी पर्यटक आउनुले पनि तत्कालीन समयमा व्यवसायीले ठूलै आशाका साथ लगानी बढाएका उनको भनाइ छ । सन् २०२० र २०२१ मा ठप्प भएको विदेशी पर्यटक आगमन सन् २०२२ मा भने करिब चार लाख ५० हजार आएको तथ्याङ्क छ । सन् २०२३ मा १० लाख पर्यटक भित्रिएकामा अङ्ग्रेजी नयाँ वर्ष र त्यसयता देखिएको आगमनले आगामी दिनमा पर्यटकको आगमन बढ्ने विश्वास लिइएको सुवेदीले बताए ।

भारतीय पर्यटक अधिकांशतः धार्मिक रूपमा पोखरा आउने गर्दछन् । पोखरा हुँदै मुक्तिनाथको दर्शन गरेर फर्कने भएकाले पनि मुक्तिनाथ आउँदा जाँदा उनीहरूले पोखरामा केही दिन बिताउने गर्दछन् । पोखरालाई आधार बनाएर अन्नपूर्ण चक्रीय पदमार्ग, अन्नपूर्ण आधार शिविर पदमार्ग, मर्दी हिमाल पदमार्ग, पुनहिल, घोरेपानी, मिलेनियम ट्रेकलगायत स्थानमा पर्यटक जाने भएकाले यी सबै पर्यटकीय गतिविधिले पोखराको पर्यटनमा प्रत्यक्ष प्रभाव पार्ने गर्दछ । अङ्ग्रेजी नयाँ वर्षमा पोखरामा देखिएको स्वदेशी एवं विदेशी पर्यटकको आगमनले आगामी दिनमा यहाँको पर्यटन व्यवसाय पुरानै गतिमा फर्कने विश्वास लिइएको छ । यहाँको पर्यटकीय सम्भावनालाई थप उजागर गर्न पोखरालाई पर्यटकीय राजधानी घोषणा गरिनुले विशेष योगदान गर्ने अपेक्षा गरिएको छ ।

पर्यटकीय राजधानी घोषणासँगै अल्पकालीन, मध्यमकालीन र दीर्घकालीन योजनाका साथ अघि बढ्ने सरकारको योजना छ ।पोखरामा अन्तर्राष्ट्रिय विमानस्थलको व्यावसायिक उडानसँगै त्यससँग जोडिएका पूर्वाधार निर्माणलगायतका विषयलाई अघि बढाउने तयारी छ । लेकसाइड र ड्यामसाइड क्षेत्रमा मात्रै सात सयको संख्यामा पर्यटकस्तरीय होटल रहेका होटल सङ्घ पोखराका अध्यक्ष सुवेदीले जानकारी दिए । उनका अनुसार पोखरा र आसपासमा गरी कुल एक हजार दुई सय होटलका साथ ४० हजार बेड संख्या रहेको छ । यहाँ एक रातमा ४० हजार पर्यटकलाई राख्न सकिने बताउँदै उनले पर्यटकमैत्री वातावरण, आतिथ्यता यहाँको विशिष्टता भएको बताए । प्रकृतिको बरदान नै रहेको पोखरामा पर्यटकको बसाइलाई लम्ब्याउने करिब तीन दर्जनभन्दा बढी पर्यटकीय गन्तव्य छन् । यहाँ आउने पर्यटकको पहिलो रोजाइ फेवाताल हो । माछापुच्छ्रे हिमालको छायाँ देखिने यो तालको बीचमा रहेको तालबाराही मन्दिरका कारण यसको महिमा र गरिमा अझै चुलिएको छ । त्यस्तै पोखरामा आउने पर्यटकले यहाँको सिद्धार्थ राजमार्ग हुँदै आउने छोरेपाटनमा रहेको पातले छाँगो (डेभिड फल) हेर्न नछुटाउने अर्को गन्तव्य हो । पातले छाँगाको नजिकै दक्षिणतर्फ गुप्तेश्वर महादेव गुफा छ । गुफाको प्रवेशद्वारबाट करिब चार सय फिट सुरुङभित्र प्राकृतिक आश्चर्यको रूपमा शिव, पार्वती, नाग, गणेश, मुसासहितको शीलामूर्ति प्रतिस्थापन गरिएको छ । यस मूर्ति तीन सय फिट तल सुरुङमार्ग हुँदै पाताले छाँगोको पिँध भागमा पुगेर मनमोहक दृश्यावलोकन गर्न सकिनु यहाँको विशिष्टता हो ।

पोखराको अर्को दर्शनीयस्थल महेन्द्रगुफा हो । पोखरा बजारको उत्तरी भूभागमा अवस्थित यस गुफाभित्र प्राकृतिकरूपमा निर्मित हात्तीको सुँड, गाईका स्तन, शिवलिङ्ग, नाग आदिका आकृतिलाई नियाल्न सकिन्छ । गुफाको लम्बाइ एक सय २५ मिटर रहेको छ । महेन्द्र गुफाको पश्चिमतर्फ चमेरे गुफा छ । चुनढुङ्गाबाट बनेको यस गुफामा ठूलो संख्यामा चमेराका साथै विभिन्न आकारका मूर्ति, शिवलिङ्ग, देवी–देवताका आकृतिहरू देख्न सकिन्छ । धार्मिक पर्यटकीय रूपमा यहाँको प्रसिद्ध शक्तिपीठ विन्ध्यवासिनी मन्दिरको विशिष्ट महत्व छ । मन्दिरबाट देखिने हिमाली दृश्यसहित पोखराको मनमोहक दृश्यले जोकोहीलाई लोभ्याउने गर्दछ । पछिल्लो समयमा चासो र चर्चा कमाएको पुम्दीकोट यहाँको अर्को आकर्षण हो । जनस्तरबाट निर्मित विशाल महादेवको मूर्तिसहित निर्माण भएका सुमेरु पर्वत आदिले यहाँको पर्यटकीय आकर्षण चुलिएको छ ।

पुम्दीकोटसँगै नजिकै रहेको विश्वशान्ति स्तुपा अर्को महत्त्वपूर्ण गन्तव्य हो । बौद्ध अनुयायीहरूका लागि विशेष महत्वको स्थल यहाँबाट देखिने हिमालसहितको पोखराको दृश्यले पर्यटक लोभिने गरेका छन् । पोखरा बजारबाट उत्तर–पश्चिममा रहेको सराङकोट हिमाल र पोखराको अवलोकन गर्न सकिने अर्को गन्तव्य हो । सूर्योदय तथा सूर्यास्तको दृश्यावलोकनका लागि पनि यसको विशिष्ट महत्व रहेको छ । पोखरा र आसपासमा रहेका धर्मशिला बुद्ध विहार, हरिहर गुफा, नारायणस्थान मन्दिर, सदाशिव मन्दिर, ढुङ्गेसाँघु, लक्ष्मीनारायण मन्दिर, भद्रकाली मन्दिर, शोभा भगवती आदि धार्मिक पर्यटकीय गन्तव्य हुन् । धार्मिक एवं ऐतिहासिक महत्वका स्थलका रूपमा पोखरा आसपासमा रहेका भरतपोखरीको कोटभैरव, ठूलाकोट, बेगनासकोट, रुपाकोट, फेक्सिङकोट आदि पनि महत्त्वपूर्ण धार्मिक पर्यटकीय गन्तव्य हुन् ।

पोखराको बीचभागबाट गहिरिएर बगेको सेती नदीदेखि लेखनाथ क्षेत्रमा रहेका वेगनास, रुपा, खाष्टे, दिपाङ, गँुदे, न्यूरेनी, मैदी तालहरूले यहाँको सौन्दर्यतालाई थप उजागर गरेका छन् । पर्वतीय पर्यटनसँगै हिमाल र हिमाली जीवनको अध्ययन अवलोकन गर्न पाइने अन्तर्राष्ट्रिय पर्वतीय सङ्ग्रहालय यहाँको अर्को पर्यटकीय गन्तव्य हो । विश्वका उच्च हिमाल, ती हिमालमा आरोहण गर्ने आरोहीको ऐतिहासिक तथ्य, हिमाली जीवन आदिलाई जीवन्त रूपमा देखाउने उद्देश्यका साथ सङ्ग्रहालयमा विभिन्न चार कक्षहरू राखिएका छन् । त्यस्तै पोखराको केआई सिंह पुल नजिकै रहेको गोर्खा स्मृति सङ्ग्रहालय अर्को दर्शनीयस्थल हो । गोर्खा सैनिकमा भर्ती भई उनीहरूले विश्वमा देखाएको बहादुरीका कथा, गोर्खाली सेनाको इतिहासलगायतका विषयलाई सङ्ग्रहालयमा जान्न बुझ्न सक्ने व्यवस्था मिलाइएको छ ।

पोखरास्थित पृथ्वीनारायण क्याम्पसको हाताभित्र रहेको अन्नपूर्ण सङ्ग्रहालय पुतलीको अध्ययन–अनुसन्धानका लागि पुग्नैपर्ने गन्तव्य हो भने नयाँ बजारस्थित प्रदेश सङ्ग्रहालयमा गण्डकी क्षेत्रको जनजीवन, सामाजिक तथा सांस्कृतिक रहनसहन र वेशभूषा आदिलाई जीवन्त चित्रण गर्ने प्रयास गरिएको छ । पोखराबाट देखिने माछापुच्छ्रे हिमाल यहाँको अर्को आकर्षण हो । यो हिमालमा हालसम्म आरोहण नभएका कारण कुमारी हिमाल (भर्जिन माउण्टेन)का रूपमा समेत यसलाई लिइन्छ । माछापुच्छ्रे हिमालको छायाँ फेवातालमा देखिने भएकै कारण ‘माछापुच्छ्रे फेवातालमा पौडी खेल्नेरैछ’ जस्ता गीतसमेत रचना गरिएका छन् । पोखराबाट देखिने अन्नपूर्ण, धवलागिरिलगायतका अन्य हिमशृङ्खलाले यहाँको सौन्दर्यतालाई बढाएको छ ।

पोखरा क्षेत्रमा नै इन्द्र गुफा, खारापानी तातोपानी, कृष्ती (मट्टीखान) हुँदै भरतपोखरी निर्मलपोखरीका मध्यपहाडी क्षेत्रका उच्च भूभाग हिमाली दृश्यावलोकनसहित पोखरा उपत्यकाको अवलोकनका लागि प्रसिद्ध छन् । पोखरालाई नै आधार बनाएर गरिने विभिन्न पदयात्राका साथै यहाँबाट घान्द्रुक, धम्पुस, लान्द्रुक, सिकलेस, पञ्चासे आदि गन्तव्य पर्यटकको रोजाइमा पर्दछन् । साहसिक पर्यटनका बञ्जीजम्पदेखि प्याराग्लाइडिङ, जीपलाइन, स्वीङ, माउन्टेन बाइकिङ, अल्ट्रलाइट आदि गतिविधिले पनि पोखरा पर्यटकको रोजाइमा पर्ने गरेको छ ।

**पर्यटकीय गन्तव्यको प्रवर्द्धनमा जोड**

पर्यटन राजधानी घोषणासँगै यसलाई पोखरामा मात्रै सीमित नगरी यसको दायरा फराकिलो बनाउनुपर्ने पर्यटन क्षेत्र सम्बद्ध विज्ञहरू बताउँछन् । पर्यटन राजधानी पोखरा आसपासका पर्यटकीय गन्तव्यलाई समेट्न पर्यटन सम्बद्ध सङ्घसंस्थाले विभिन्न कार्यक्रम अघि सारेका छन् । यसैको प्रयासस्वरुप नेपाल एशोसिएसन अफ टुुर एण्ड ट्राभल्स एजेन्ट्स (नाट्टा) गण्डकी प्रदेशले उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, गण्डकी प्रदेशको प्रवर्द्धनमा हालै गन्तव्य पहिचान एवं प्रवर्द्धन कार्यक्रम सम्पन्न भएको नाट्टा गण्डकी प्रदेशका अध्यक्ष हरिराम अधिकारीले बताए ।

‘पर्यटन राजधानी पोखरालाई सीमित दायरामा मात्रै नराखी आसपासका पर्यटकीय गन्तव्यलाई समेत समेट्नु जरुरी छ’ उनले भने, ‘त्यसैको प्रयासस्वरुप हामीले पोखराबाट गन्तव्य पहिचान एवं प्रवर्द्धन कार्यक्रम सुरु गरी बागलुङ हुँदै कालीगण्डकी करिडोर भएर नवलपुरसम्मको यात्रा सम्पन्न गरेका हौँ ।’ यात्रका क्रममा बागलुङको प्रसिद्ध धार्मिक पर्यटकीयस्थल जैमिनी धामको अवलोकनसँगै जैमिनी नगरपालिकाको स्थानीय समन्वयमा त्यहाँका जनप्रतिनिधि एवं सरोकारवालासँग छलफल एवं अन्तक्रिरया गरिएको कार्यक्रम संयोजक एवं नाट्टा गण्डकी प्रदेशका द्वितीय उपाध्यक्ष कमला गिरीले जानकारी दिइन् । उनका अनुसार पर्यटन व्यवसायी एवं सञ्चारकर्मीसम्बद्ध टोलीले नवलपुरको गजेन्द्र मोक्षधाम, वाल्मिकी आश्रम, पिप्रहर सामुदायिक होमस्टेलगायतका स्थानमा पुगी त्यहाँका स्थानीयवासी, पर्यटन व्यवसायी एवं सरोकारवालासँग छलफल एवं अन्तक्रिरया गरेको छ । टोलीले फर्कने क्रममा पर्यटन राजधानीबाट नवलपुर जोड्ने दलदले–डेढगाउँ–भिमाद–पोखरा सडकको समेत स्थलगत अवलोकन गरेको छ ।

पोखरा आसपासकै पर्यटकीय गन्तव्यको प्रवर्द्धनको प्रयासस्वरुप गाउँ पर्यटन प्रवर्द्धन मञ्च (भिटोफ) गण्डकी प्रदेशले हालै पोखरा महानगरपालिका–३१ मा पर्ने धार्मिक एवं ऐतिहासिकस्थल ठूलाकोट र मादी गाउँपालिका वडा नं ५ स्थित ठूलास्वाँरामा गाउँ पर्यटन प्रवर्द्धनका कार्यक्रम सम्पन्न गरेको भिटोफ गण्डकीका अध्यक्ष शोभा सापकोटाले जानकारी दिइन् । महिला पर्यटन व्यवसायी मञ्च (ओटेफ)ले हालै नेपालकै पहिलो पर्यटकीय गाउँ सिरुबारीमा गाउँ पर्यटन प्रवर्द्धनमा स्थानीय समुदायको सहभागिता विषयक अन्तरक्रिया सम्पन्न गरेको ओटेफका अध्यक्ष उमा रेग्मीले जानकारी दिइन् । पोखरामा क्रियाशील अन्य पर्यटनसम्बद्ध सङ्घसंस्थाले पनि पर्यटन राजधानी घोषणा भएपछि आसपासका पर्यटकीय गन्तव्यको प्रवर्द्धनलाई प्राथमिकतामा राखेका छन् । रासस

---

# ईश्वर को हुन् ?



**विकास पौडेल**
paudelbikash774@gmail.com

ईश्वर भन्नासाथ सामान्यतः हामीलाई कुनै अदभूत शक्ति भएको कुनै मानिस जस्तै तर धेरै सर्वशक्तिमान प्राणी हुन भन्ने लाग्न सक्छ । हुन पनि ईश्वर भेटेका मानिसका लागि शिव तिनै हुन जो उनीहरुले बनाउन जानेको सुन्दर चित्रमा उतारे भन्दा अतिशयोक्ति नहोला । कसैले आज्ञा चक्रमा रोकिदा प्रकाश पाउँनाले अर्को आखाँ थपे होलान् । कसैले बगेर कहिल्यै नसकिने आनन्दलाई गंगा देखे होलान् । कसैले बटारिएको कुन्डलिनी फुक्दै जानुलाई नाग बटारिको चित्रण गरे होलान् । यसरी शिव बने होलान् । मान्छेले जब शिव पाउँछ तब त्यसमा केही थप्दैँ गए होला । धेरैले धेरै थरी पाए होलान् । तर साच्चैँ धेरैले पाएको साझा चिज शिव रहे ‘हुनन्’ । कोही रिसाहाले शिव पाए होलान्, कोही चरा मार्दै हिँड्ने गुलेली विष्णुले शिव पाए होलान् र हामी जस्ताले समेत शिवलाई पाउँन सकिदो रहेछ भनेर बाघको छाला बिच्छाए होलान् । कसैले शिव पाउँदा नाँच्दाको जस्तै अनुभव गरे होलान् । र त शिवलाई बाघको छालाबाट उठाएर ताण्डव नृत्य नचाए होलान् ।

कसैलाई दाँया र बाँया नाशिकामा जे जे भए पनि, ढाडको बिच्चैको लौरोमा नै सबै रै’छ भन्ने लागेर त्रिशुल बनाए होलान् । कोही धतुरे मदनले समेत शिव पाएको हुनाले शिवलाई हामी जस्ताले समेत पाउँदा रहेछन् भनेर धतुरे बनाए होलान् । अथवा शिव पाउँदा धतुरे हुँदाको अनुभव भएकाले लत बिनाको धतुरे मदनले धतुरे शिव बनाए होला । कसैले शरिरको आज्ञा, विशुद्धी, अनाहतमा पुगेका



बेला शिव पाए होलान् र शिवलाई त्यही खरानी घस्रे बनाए होलान् । कसैले स्त्रि र पुरुष दुवै चाहिने भएकाले अर्धनारीश्वर बनाए होलान् । कसैले आफै रिसाहा आफै खुसिया हुँदा समेत आफूमा बार–बार आएकाले शिवलाई आशुतोष बनाए होलान् । खैर ज–जस्ले शिवलाई जे–जे बनाए पनि योग र शिवलाई सँगै बुझ्न शिव संहिताले सहयोग गर्न सक्छ भन्ने यो पंक्तिकारको अनुमान छ । (नोटः यो पक्तिंकारले समेत अझसम्म कसैले लेखेका शिव संहिता पूरा पढेको छैन ।)

अब जाऊ धतुरे मदन धतुरे र गुलेली विष्णु’ गुलेलीमा सिमित रहँदासम्मको अर्थमा फरक ईश्वर अर्थात शिवको पौराणिक उत्खननमा । ईश्वरलाई पतञ्जलीले योगशुत्रको १.२२ देखि १.२९ सम्ममा ईश्वर भनेको व्याख्या गरिएको छ । The shanskrit channel मा बताईए अनुसार ईश्वर भनेको क्लेश afflictions कर्म Action, विपाक result र आशय intention ले नछोएको म तत्व हो भनि अर्थाइएको छ । जुन म तत्वमा सबै ज्ञान छ । अर्थात मस्तिष्कको प्रयोगहिन आफ्नो स्वभाव वा संस्कारको मात्र म हुँदाको अवस्था नै ईश्वर हो । जुन बेला धतुरे मदनले शिव देख्छ । शिव पाउने प्रक्रिया ॐ उच्चारणको निरन्तर अभ्यास हो । जसमा विश्रामको आभाष हुन्छ । शरिर र मस्तिष्कको प्रक्रियागत विश्रामको अभ्यास । उक्त च्यानलमा बताइए अनुसार ॐ ध्वनिमा आफै ओ, ऊ र म जोडिन आउँछ । जुन प्रक्रियागत विश्राम हो । तीनै श्लोकमा भाका हालिएको छ ईश्वर अर्थात गुरु हुन् भन्ने । शिव नै गुरु हुन ति शिव ज–जस्ले म तत्वको ईश्वरका रुपमा बुझे ।

## केही कुरा योगका बारेमा

गीतालाई Beer biceps भन्ने youtube channel मा एकजना विद्वानले श्लोक १ बाटमाथि बढ्दै जान क्रमगत विकासका रुपमा हेनुपर्छ भनेको सुनेको थिएँ । त्यस्तै संस्कृतका धेरै चिज क्रमगत विकासका रुपमा लेखिएको हो की भन्ने मेरो अनुमान छ । योगका बारेमा पनि पतञ्जलीले पहिलो श्लोकमा अनुशासनका रुपमा अर्थाएका छन्, जसले मान्छेलाई स्वभाविक भोक्ताका रुपमा उजागर गर्ने छ । यो आफैँमा आफनो अनुशासन हो ।

# भारतको आम निर्वाचन भाजपाको 'चेहरा' मोदी




**अफरोज अर्पण**
arpan.afroz786@gmail.com




विश्वकै सबैभन्दा ठूलो प्रजातान्त्रिक मुलुक भारत आम निर्वाचनको संघारमा छ । अर्को साता आरम्भ भएर छ सातामा सकिने संसदीय निर्वाचन विश्वमा अहिलेसम्म भएको सबैभन्दा ठूलो प्रजातान्त्रिक अभ्यास हुने छ । अप्रिल १९ देखि जुन १ सम्म चल्ने चुनाव जितेर तेस्रो पटक प्रधानमन्त्री बन्ने अपेक्षा नरेन्द्र मोदीको छ । विपक्षी दलहरूले उनी सत्तामा रहिरहे भारतीय जनताले स्वतन्त्रता गुमाउने चिन्ता व्यक्त गरेका छन् ।

नरेन्द्र मोदी र भाजपाविरुद्ध कुन कुन दल छन्
हालै गरिएका मतसर्वेक्षणहरूले संसद्को तल्लो सदन लोकसभामा मोदीको भारतीय जनता पार्टी (भाजपा) र उसका साझेदारहरूले तेस्रो पटक जित हासिल गर्ने देखाएका छन् । लोकसभाले प्रधानमन्त्री निर्वाचित गर्छ र प्रधानमन्त्रीले सरकारका मन्त्रीहरू चयन गर्छन् । सन् २०१९ को चुनावमा भाजपाले ३०३ सिट जितेको थियो । भाजपाले बनाएको गठबन्धन नेश्नल डेमोक्र्याटिक अलायन्स (एनडीए)मा रहेका दलहरूले कुल ३५२ सीट जितेका थिए । लोकसभामा ५४३ सदस्य हुन्छन् । कुनै दल विशेष वा गठबन्धनलाई बहुमत पु¥याउन २७२ सीट चाहिन्छ ।
प्रमुख विपक्षी इन्डियन नेश्नल कङ्ग्रेस नेतृत्वको गठबन्धनबाट सन् २०२४ मा प्रमुख चुनौती हुने छ । दुई दर्जन पार्टीहरू मिलेर मोदीलाई चुनौती दिन 'इन्डियन नेश्नल डेभलपमेन्ट इन्क्लुसिभ अलायन्स' (इन्डिया) नामक गठबन्धन बनाएका छन् । उक्त गठबन्धनमा रहेका प्रमुख राजनीतिज्ञमा कंग्रेसका अध्यक्ष मल्लिकार्जुन खर्गे तथा दिवङ्गत प्रधानमन्त्री राजीव गान्धीका छोरा राहुल र छोरी प्रियङ्का गान्धी छन् । उनीहरूकी आमा सोनिया गान्धी शक्तिशाली विपक्षी नेता हुन् तर उनले सन् २०१९ मा जस्तो सक्रिय रूपमा अभियानमा सहभागी भएकी छैनन् ।
उक्त गठबन्धनमा दिल्लीको सत्तारूढ आम आदमी पार्टी र कैयौँ महत्त्वपूर्ण क्षेत्रीय दलहरू पनि छन् । आम आदमी पार्टीका तीन नेताहरूलाई हालै भ्रष्टाचारको आरोपमा पक्राउ गरिएको छ । सो दलले मोदी र उनको दल भाजपाले प्रतिशोधको भावना राखेको आरोप लगाएको छ । तर भाजपाले त्यस्तो आरोपको खण्डन गर्दै आएको छ ।



**यो निर्वाचनमा प्रमुख मुद्दा के हुन् ? भारतीय निर्वाचनको महत्त्व कस्तो छ ?**
मोदीले बढ्दो अर्थतन्त्र र चीनसँगको द्वन्द्वमा भारतलाई आफ्नो साझेदार बनाउन चाहिरहेको अमेरिकासँगको निकटताका कारण आफ्नो देशको विश्वव्यापी हैसियत बढेको दाबी गर्न सक्छन् । हालै उनले एउटा कल्याणकारी नीति पनि ल्याएका छन् । उक्त नीतिअन्तर्गत भारतका ८० करोड अतिविपन्न मानिसहरूलाई निःशुल्क अन्न र कम आय भएका परिवारका महिलाहरूलाई १,२५० रुपैयाँ भत्ता दिइन्छ । आफ्नो घोषणापत्रमा कङ्ग्रेसले विशेष गरी युवाहरूमा बेरोजगारी उच्च तहमा रहेको जनाएको छ । उसले महिलाहरूलाई कल्याणकारी भुक्तानी बढाउने, ३० लाख थप रोजगारी सिर्जना गर्ने र कलेज छाड्नेहरूलाई तलबी प्रशिक्षण दिने वाचा गरेको छ । उसले भारतलाई 'निरकुङ्ता' तिर ढल्किन नदिने प्रतिबद्धता पनि व्यक्त गरेको छ । तर अल्पसंख्यक समूहहरूले आफूले पटकपटक विभेद र आक्रमणको सामना गर्नुपरिरहेको र मोदीको शासनकालमा 'दोस्रो दर्जा' को नागरिक बन्न बाध्य भएको बताएका छन् । यद्यपि भाजपा त्यो आरोपलाई अस्वीकार गर्छ ।
अन्तर्राष्ट्रिय नागरिक स्वतन्त्रताको पक्षमा पैरवी गर्ने एउटा समूह 'फ्रीडम हाउस'ले भाजपाको सरकारलाई प्रश्न सोध्ने पत्रकार वा अन्यमाथि 'दुर्व्यवहार' को मात्रा बढेको जनाएको छ । उसले भारतलाई 'आंशिक स्वतन्त्रता' भएको देशहरूको सूचीमा राखेको छ ।

**मतदान कहिले हुन्छ ? निर्वाचन सकिन किन लामो समय लाग्छ ?**
विभिन्न ठाउँहरूमा सात फरकफरक दिनमा मतदान हुने कार्यक्रम छ ।
**एप्रिल १९**
**एप्रिल २६**
**मे ७**
**मे १३**
**मे २०**
**मे २५र**



**जुन १**
सबैतिर मतदान सकिएपछि परिणाम जुन ४ मा घोषणा गरिने छ । मतदान केन्द्रहरूमा प्रभावकारी सुरक्षाव्यवस्था मिलाउन र अधिकारीहरू खटाउ पनि चुनावलाई चरणबद्ध गर्न लागिएको हो । मतदानका लागि दशौँ लाख विद्युतीय उपकरण पनि प्रयोग हुने छन् । त्यसमा मानिसहरूलाई 'कुनै पनि उम्मेदवारलाई मत दिन्न' (नोटा)भन्नेमा मत राख्ने पनि व्यवस्था गरिएको छ ।

**लोकसभा निर्वाचनमा कसले मत दिन पाउँछन् ?**
मतदाता नामावलीमा सूचीकृत १८ वर्ष पुगेका सबै भारतीय नागरिकहरू मत दिन पाउँछन् । उनीहरूसँग मतदाता परिचयपत्र पनि हुनुपर्छ । भारतभन्दा बाहिर रहेका एक करोड ३४ लाख नागरिकले पनि मत खसाल्न सक्छन् । तर त्यसका लागि उनीहरूले नाम दर्ता गराउनुपर्छ र त्यसो गर्न भारत नै फर्किनुपर्छ । भारतमा ९६ करोड ९० लाख मतदाता छन् । लोकसभाका सदस्यहरू पाँचवर्षे कार्यकालका लागि निर्वाचित हुन्छन् र प्रत्येक निर्वाचन क्षेत्रमा सबैभन्दा बढी मत ल्याउने उम्मेदवारलाई विजयी घोषणा गरिन्छ । 'अनुसूचीकृत जाति' र 'अनुसूचीकृत आदिवासी' समुदायका लागि १३१ वटा सीटको आरक्षण छ । ती समूहलाई पछि परेको समुदायका रूपमा मान्यता दिइएको छ र उनीहरूले भारतको जनसंख्याको एकचौथाइ भागको प्रतिनिधित्व गर्छन् । भारतले एकतिहाइ सीट महिलाका लागि छुट्ट्याउने कानुन पनि अनुमोदन गरेको छ । यद्यपि त्यो अझै कार्यान्वयनमा आइसकेको छैन ।

**भारतमा मत कसरी सङ्कलन गरिन्छ**
भारतको क्षेत्रफल १३ लाख वर्गमाइल छ । निर्वाचनसम्बन्धी नियमले प्रत्येक मतदान केन्द्र मानवबस्ती नजिकै हुने व्यवस्था गरेको छ । सन् २०१९ को निर्वाचनमा गुजरातको गीर राष्ट्रिय निकुञ्जको दुर्गम वनक्षेत्रनजिकै त्यहाँ बसोबास गर्ने एक व्यक्तिका लागि मतदान केन्द्र स्थापना गरिएको थियो । सन् २०२४ को निर्वाचनमा उत्तरपूर्वी भारतको अरुणाचल प्रदेशमा एउटी एकल महिलाको मत सङ्कलन गर्न अधिकारीहरूले २४ माइल यात्रा गर्ने भनिएको छ ।

**भाजपाका लागि 'चुनाव युद्ध'**
आज भाजपा भारतको सबैभन्दा धनी, सबैभन्दा ठूलो र प्रभावशाली राजनीतिक दल हो । आज यो पार्टी आफैंले सदस्यताका हिसाबले विश्वकै ठूलो राजनीतिक दल भएको दाबी गर्छ । चुनाव युद्ध हो, चुनावी नारा मात्र होइन । यस युद्धका दुई ठूला योद्धा नरेन्द्र मोदी र अमित शाहले पनि यसलाई लागू गर्छन् । प्रधानमन्त्री मोदी र गृहमन्त्री अमित शाहको नेतृत्वमा पार्टीले हिन्दुत्वमा मात्र भर नभई उम्मेदवार छनोट गर्दा जात, उप–जाति, सामाजिक संरचना र निर्वाचन क्षेत्रका अन्य सूक्ष्मतालाई ध्यान दिएर रणनीति तयार गर्छ ।

**भाजपाको 'चेहरा' मोदी**
२०१४ को चुनावमा नरेन्द्र मोदीलाई प्रधानमन्त्रीको उम्मेदवार बनाउनुले यो अवस्थासम्म पुग्न महत्वपूर्ण भूमिका खेलेको छ । लोकसभा चुनावमा केवल दुई सीटहरू जित्दादेखि बहुमत सीटहरू जित्नेसम्म, बीजेपीले धेरै उतार–चढाव देखेको छ, ठूला झटकाहरू सामना गरेको छ र आफ्नो गौरवपूर्ण यात्रामा निराशा पनि महसुस गरेको छ । यसपालिको निर्वाचनमा भाजपा नेतृत्वको गठबन्धनको नारा छ 'अबकी बार ४०० पार' । यो अंक भाजपा गठबन्धनले पार गर्न सक्छ कि सक्दैन् यो हेर्न जुन ४ सम्म कुर्नुको विकल्प छैन ।

# वैशाख ५ गते रामनवमी महोत्सव




**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानपालिका वडा नम्बर १० घडिअर्वास्थित श्रीरामजानकी मन्दिरमापनि वैशाख ५ गते रामनवमीका महोत्सव आयोजना गरिने भएको छ । श्रीरामजानकी मन्दिर समितिको बैठकले वैशाख ५ गते बुधबारका दिन रामनवमी एवम् शोभा यात्रा महोत्सव बनाउने निर्णय गरेको हो ।

त्यो दिन श्रीरामजानकी मन्दिर परिसरबाट बिहान ७ बजे झाँकीसहित भव्य शोभा यात्रा निकालेर नगर परिक्रमा गरिने, बिहान ११ बजेदेखि मन्दिर परिसरमै भजनकिर्तन गरिने, दिउँसो १२ बजेदेखि श्रीराम उत्सवको प्रसाद वितरण गरिनेछ ।

यस्तै त्यही दिन साँझ ४ बजेदेखि मन्दिर परिसरमा रामयण झाँकी प्रदर्शन गरिने, साँझ ६:३० बजे दीप प्रज्वलन तथा महाआरती र बेलुकी ७ बजेदेखि प्रसाद वितरण गर्ने कार्यक्रम रहेको बैठकमा सहभागी सह आयोजक घडिअर्वा स्पोर्टस् क्लबका अध्यक्ष सन्तोष साह कानुले जानकारी दिए । वीरगंज महानथरपालिकाले ३० बर्षपछि अतिक्रमण मुक्त गरी सौनणदर्यकरण गरेको घडिअर्वाको श्रीरामजानकी मन्दिरमा भारतको अयोध्यामा नवनिर्मित राम मन्दिरको उद्घाटनकै दिन गत माघ ८ गते भगवान श्रीराम, माता सीता र हनुमानको मूर्तीको प्राण प्रतिष्ठा गरिएको थियो ।

# सीमित खर्चको प्रावधानले सीमा क्षेत्रका पर्यटन प्रभावित

**राससस**
**वीरगंज ।**
स्थलमार्ग भइ नेपाल भ्रमणमा आउने भारतीय पर्यटकले २५ हजार भारतीय रुपैयाँ मात्रै ल्याउन पाउने नियमले सीमावर्ती जिल्लाका पर्यटन क्षेत्र प्रभावित भएको छ । बारा, पर्सा जिल्लामा भारतीय पर्यटक लक्षित क्यासिनोसहितका सानाठूला दुई दर्जन होटल सञ्चालनमा छन् । तर भारतीय पर्यटकले साथमा २५ हजार भारतीय रुपैयाँभन्दा धेरै नगद बोक्न नपाइने नेपाल राष्ट्रबैंकको नियम छ । जसका कारण पर्यटकले खुलेर खर्च गर्न नपाएको व्यवसायीको गुनासो छ । नेपाल उद्योग वाणिज्य सङ्घ मधेश प्रदेशका अध्यक्ष अशोककुमार टेमानीले सरकारको गलत नीतिले भारतीय पर्यटकले खुलेर खर्च गर्ने वातावरण नबनेको गुनासो गरे । 'हामी नेपालमा पर्यटक भित्र्याउने भनिरहेका छौँ । तर भारतीय पर्यटकलाई २५ हजार रुपैयाँभन्दा धेरै रकम बोक्न नपाइने नियमले पयर्टन क्षेत्रको



विकासमा अवरोध पुगेको छ', उनले भने, 'सरकारले तत्काल यो नियम पुनःविचार गर्नुपर्छ ।' वीरगंज उद्योग वाणिज्य सङ्घका पूर्वअध्यक्ष सुबोधकुमार गुप्ताले यो प्रावधान खुकुलो बनाउनुपर्ने बताए । 'पक्कै भारु २५ हजार मात्रै ल्याउन पाउने नियमले केही जटिलता छ ।' उनले भने, 'पैसा ल्याउन पाउने सीमा बढाएर अन्तरदेशीय भुक्तानी प्रणालीलाई व्यवस्थित गर्न आवश्यक छ ।' उनले बारा र पर्सामा औद्योगिक, धार्मिक र शैक्षिक पर्यटकलाई आकर्षित गर्नुपर्ने बताए । 'बारा÷पर्सा जिल्लामा विदेशी उत्पादन कम्पनीका सप्लायर्सको बाक्लो उपस्थिति छ । त्यसलाई हामीले औद्योगिक पर्यटनका रुपमा विकास गर्नुपर्छ', उनले भने, 'हामीले यहाँ शैक्षिक र धार्मिक पर्यटनको समेत विकास गर्नुपर्छ ।'

अध्यागमन विभागका अनुसार सन् २०२३ मा नेपालमा हवाईमार्गबाट १० लाख १४ हजार आठ सय ८६ पर्यटक नेपाल आएका थिए । घुम्न आउनेमध्ये सबैभन्दा धेरै भारतीय पर्यटक छन् । भारतबाट तीन लाख १९ हजार नौ सय ३६ जना आएका थिए । सन् २०२४ को मार्च महिनामा एक लाख २८ हजार एक सय ६७ पर्यटक नेपाल भित्रिएका छन् । ती मध्ये भारतीय पर्यटकको संख्या ३० हजार छ सय ९८ रहेको छ । स्थलमार्गबाट आउने भारतीय पर्यटकको संख्या ठूलो भएपनि तथ्याङ्क राख्ने गरिएको छैन । उपप्रधानमन्त्री तथा गृहमन्त्री रवी लामिछाने बिहीबार वीरगंजमा आयोजित एक कार्यक्रममा पर्यटकलाई ठाउँठाउँमा चेकिङका नाममा दुव्र्यवहार नगर्न निर्देशन दिए । 'पर्यटकलाई एक ठाउँमा सुरक्षित ढङ्गले जाँच गर्नुस । त्यसपछि पर्यटकलाई निर्वाधरुपमा आफ्नो क्रियाकलाप गर्ने वातावरण सिर्जना गरिदिनुस्', उनले भने, 'पर्यटकलाई गल्ली पिच्छे, मोडपिच्छे र होटल पिच्छे जाँच गरेर दुख नदिनुस, त्यसो गर्नु भनेको दुर्व्यवहार गर्नु हो ।' गृहमन्त्री लामिछानेले भारतीय पर्यटकले भारु २५ हजार ल्याउन पाउने विषयमा सरकारले कूटनीतिक ढङ्गबाट आवश्यक समन्वय गर्ने बताए ।

# समाजवादी विद्यार्थी युनियनको ईकाई कमिटी पुर्नगठन

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजस्थित ठाकुरराम बहुमुखी क्याम्पसमा जनता समाजवादी पार्टी (जसपा) निकट समाजवादी विद्यार्थी युनियनको ईकाई कमिटी पुर्नगठन गरिएको छ । हरिकिशोर यादवको अध्यक्षतामा ४१ सदस्यीय नयाँ कमिटी गठन गरिएको हो । नवगठित कमिटीको उपाध्यक्षमा आशिफ अंसारी, रोहन केशरी र आदित्य यादव चयन भएका छन् । सचिवमा शौकत अलि, सहसचिवमा सुनिल कुशवाहा, राजकुमार पटेल र असरफ आलम, कोषाध्यक्षमा चाँदनी यादव चयन भएको जनाईएको छ । समाजवादी विद्यार्थी युनियन ठाकुरराम बहुमुखी क्याम्पस ईकाई कमिटीको इन्चार्ज राजा बाबु साहलाई तोकिएको छ ।

ईकाई कमिटीको सदस्यमा दिपेश सिंह, रितीक पटेल, अञ्जली ठाकुर लगायत रहेका छन् । समाजवादी विद्यार्थी युनियन नेपाल पर्साद्वारा क्याम्पसको सभाकक्षमा आयोजित कार्यक्रमका बीच ईकाई कमिटी पुर्नगठन गरिएको हो । यसअघि पर्सामा समाजवादी विद्यार्थी युनियन नेपालले समानान्तर कमिटी गरेको छ । कार्यक्रम समानान्तर कमिटी पर्साका अध्यक्ष हरिन्द्र साहको अध्यक्षतामा भएको हो । कार्यक्रममा जसपाका केन्द्रीय सदस्य जनार्दन यादव, भिमा यादव, बहुदरमाई नगरपालिकाका प्रमुख सिंघासन साह तेली, शिवजी सोनी, जसपा वीरगंज महानगरका अध्यक्ष ईश्वरचन्द्र यादव, जसपाका नेता प्रेमबाबु पटेल, उमेशलाल सहनी, निखिल वर्णवाल लगायतको उपस्थिति रहेको थियो ।

# पदस्थापनको माग गर्दै शिक्षकहरुको विरोध

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिका अन्तरगतका विद्यालयमा शिक्षा आयोगले पठाएका ४६ जना शिक्षकहरुलाई महानगरपालिकाले पदस्थापन नगरेको भन्दै नवनियुक्त शिक्षकहरुले विरोध जनाएका छन् । जिल्ला शिक्षा विकास तथा समन्वय इकाई पर्साले २८ गते वीरगंज महानगरपालिका अन्तरगतका विद्यालयहरुमा ४६ जना शिक्षकहरुलाई नियुक्त पत्र दिएको भए पनि महानगरपालिकाको शिक्षा शाखाले नियुक्ती पाएका शिक्षकहरुलाई पदस्थापन नगरेको नवनियुक्त शिक्षक अनिल प्रसाद कुशवाहाले जानकारी दिए । महानगरपालिकाले शुक्रबार पदस्थापन नगर्दा आफुहरुको ग्रेड बृद्धि र बढुवामा समेत असर पर्ने भन्दै नवनियुक्त शिक्षकहरुले शिक्षा सेवा आयोगबाट पास भएर आए पनि महानगरले आफूहरुको अधिकार बञ्चित गराएको आरोप लगाएका छन । शुक्रबार पदस्थापनका लागि महानगर पुगेका नवनियुक्त शिक्षकहरुले महानगरले करारमा शिक्षक राखेको र उनीहरुलाई हटाउन अप्ठ्यारो भएको हुँदा आफूहरुलाई पदस्थापन गर्न आलटाल गरेको बताएका छन् । यस सम्बन्धमा वीरगंज महानगरपालिकाका शिक्षा महाशाखा प्रमुख अरविन्द लाल कर्णले जिल्ला शिक्षा विकास तथा समन्वय इकाईबाट शुक्रवार २ बजे मात्रै आफूहरुले नियुक्ती पाएका शिक्षकहरुको विवरण प्राप्त गरेको र दरवन्दी खाली भएका विद्यालयहरुको छनौट गरी शिक्षकको पदस्थापन गर्नु पर्ने हुँदा एकै दिनमा काम गर्न नसकिने बताए । नवनियुक्त शिक्षकहरुले व्यक्तिगत फाईदाका लागि शुक्रबार चैत्र महिनाको अन्तिम दिन भएको कारण शुक्रबार नै पदस्थापनको माग गरी अनावश्यक दवाव दिएको समेत कर्णले गुनासो गरे ।

# सामाजिक सद्भाव बिगार्नेलाई कारबाही गर्न माग



**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाली मुस्लिम समाज पर्साले जिल्ला प्रशासन कार्यालय पर्सामार्फत गृहमन्त्रीलाई ज्ञापनपत्र बुझाइएको छ । सामाजिक सञ्जालमा मुस्लिम धर्मका प्रवर्तक (दुत) पैगम्बर मोहम्मदसँग जोडिएर अनर्गल प्रचार गरेको भन्दै मुस्लिम समाजले पर्साले प्रमुख जिल्ला अधिकारी दिनेश सागर भुसाालमार्फत गृहमन्त्रीलाई ज्ञापनपत्र बुझाएको हो । रोजाको अवसरमा सामाजिक सञ्जालमा आपत्तीजनक कुराहरु लेखेर मुस्लिम समुदायमाथि अघात पुऱ्याउने अनर्गल प्रचार गरेको भन्दै ज्ञापन पत्रमार्फत गृहमन्त्रीको ध्यानाकर्षण गराइएको छ । २८ चैतमा सामाजिक सञ्जालमार्फत सर्वोच्च अदालतका निवर्तमान न्यायाधीश कमलनारायण दासले लेखेको कुराले मुस्लिम समुदायमाथि ठेस पुगेको ज्ञापनपत्रमा उल्लेख छ । साथै मुस्लिम समुदायको संवैधानिक जिउज्यानको सुरक्षा गर्न तथा मस्जिद, मदर्सा लगायतका धार्मिक स्थलको सुरक्षा गर्न पनि ज्ञापनपत्रमार्फत माग गरिएको हो । ज्ञापनपत्र बुझ्दै पर्साका प्रमुख जिल्ला अधिकारी दिनेश सागर भुसालले मुस्लिम समुदायलाई बुझाएको ज्ञापनप्रति प्रशासन गम्भीर रहेको जनाए । थप कारबाहीको लागि ज्ञापनपत्र शुक्रबार नै गृह मन्त्रालयमा पठाइदिने प्रजिअ भुसालले प्रतिबद्धता गरे । नेपाली मुस्लिम समाज पर्साकोतर्फबाट जफर अंसारी, आबिद हुसेन, शेष मन्सुर, मेहबुब अलि, रेयाज अहमद, अनवर हुसेन, अब्बास मंसुरीसहितकाले ज्ञापनपत्र बुझाएका थिए ।

# चैतमा ५ करोड बढीको सामान नियन्त्रणमा



**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा प्रहरीले चैत्र महिना भित्र ५ करोडभन्दा बढी मूल्यका भन्सार छलीका सामानहरु नियन्त्रणमा लिएको छ । प्रहरीले चालु आर्थिक वर्ष २०८०÷८१ को चैत महिनामा ५ करोड ८७ लाख ३६ हजार ७ सय ९९ मूल्य बराबरका भन्सार छलीका सामान नियन्त्रणमा लिएको हो । प्रहरीले राजस्व अभिबृद्धी तथा भन्सार चोरी पैठारी न्यूनीकरण गर्न चलाएको जाँच अभियानका क्रममा जिल्लाका विभिन्न स्थानहरुबाट उक्त मूल्यका सामानहरु पक्राउ गरिएको पर्साका प्रहरी नायब उपरिक्षक प्रवक्ता कुमार बिक्रम थापाले जानकारी दिए ।

प्रहरीले सबैभन्दा बढी विद्युतीय सामग्रीहरु नियन्त्रणमा लिएको उनले बताए । डिएसपी थापाका अनुसार प्रहरीले २ करोड १० लाख ७८ हजार ६८१ मूल्यका विद्युतीय सामानहरु बरामद गरेको छ ।

यसैगरी १ करोड ४२ लाख २३ हजार ९१७ मूल्यको किराना तथा खाद्यान्न सामान, १ करोड २३ लाख ४६ हजार ४९१ रुपैयाँका लत्ताकपडाहरू, १ करोड १० लाख ८७ हजार ७१० मूल्यका सवारी साधन तथा पार्टपुर्जा नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ । बरामद गरिएको सामानहरुलाई आवश्यक कारवाहीका लागि राजश्व अनुसन्धान कार्यालय पथलैया बारा तथा वीरगंज भन्सार कार्यालयको जिम्मा लगाइएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी प्रवक्ता थापाले बताए ।

# लायन्स वीरगंजको अध्यक्षमा अधिकारी



**मधेशदृष्टि**
**वीरगंज ।**
समाज सेवामा छुटै पहिचान बनाएको लायन्स क्लब अफ वीरगंज परिवारको अध्यक्षमा भानुभक्त अधिकारी चयन भएका छन् ।

लायन्स क्लवको नयाँ बोर्ड समितिको भेलाले अधिकारीलाई सर्वसम्मत रुपमा अध्यक्षमा चयन गरेको हो । अधिकारीलाई वर्ष २०२४÷२५ को लागि चयन गरिएको हो । लायन्स क्लवको नवगठित कमिटिको भाईस प्रेसिडेण्टमा नरोत्तम पाण्डे, दोश्रो भाइस प्रेसिडेण्टमा दिगम्बर थापा र तेश्रो भाईस प्रेसिडेण्टमा संदीप साहलाई चयन गरिएको छ, सचिवमा गणेश ठाकुरलाई र कोषाध्यक्षमा सुधीर साहलाई चयन गरिएको निर्वाचन अधिकृत सन्दिप गुप्ताले जानकारी दिए । त्यस्तै भेलाले लायन्स क्लब अफ परिवारका श्याम गुप्ता डिष्ट्रिक्ट ३२५ एसको एरिया ३ को चिफमा चयन भएको जानकारी दिएको छ । नव निर्वाचित अध्यक्ष भानुभक्त अधिकारीले लायन्स क्लबको विधान र नियमको परिधिमा रहेर सामाजिक सेवा र मानवीय सेवामा लागि पर्ने प्रतिवद्धता व्यक्त गरे ।

# नक्कली शिक्षकविरुद्ध आरोप पत्र दायर

**मधेशदृष्टि**
**वीरगंज ।**
अख्तियार दुरुपयोग अनुसन्धान आयोगले नक्कली शैक्षिक योग्यताको प्रमाणपत्र पेश गरी जागिर खाएको भन्दै पर्सास्थित धोबिनी गाउँपालिकाअन्तर्गत पर्ने नेपाल राष्ट्रिय माध्यामिक विद्यालयमा कार्यरत एक शिक्षिका विरुद्ध विशेष अदालतमा आरोप पत्र दायर गरेको छ । आयोगले विद्यालयका कार्यरत बाल विकास सहयोगी कार्यकर्ता पुनम देवी कुर्मीले नक्कली प्रमाणपत्र पेश गरी जागिर खाएको आरोपमा शुक्रबार विशेष अदालत काठमाडौँमा आरोपपत्र दायर गरेको हो । अख्तियारका प्रवक्ता नरहरि घिमिरेका अनुसार सहजकर्ता कुर्मीले शैक्षिक योग्याताको प्रमाणपत्र छानबिन गर्न माग गर्दै अख्तियारको कार्यालयमा उजुरी निवेदन परेको थियो । सो निवेदनमाथि अनुसन्धान हुँदा कुर्मीले महेश्वर प्र. सिंह संस्कृत प्रा. सह उच्च विद्यालय, भारतबाट जारी भएको माध्यमिक तहको परीक्षा पास गरेको भनी नक्कली शैक्षिक योग्यताका प्रमाणपत्र पेश गरी २०६६ असार १२ गतेदेखि सहजकर्ता पदमा नियुक्त भएको पुष्टि हुन आएको प्रवक्ता घिमिरेले जानकारी दिए । कुर्मीको उक्त कार्य भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १६ को उपदफा १ बमोजिमको कसुर गरेको पुष्टि भएको हुँदा कुर्मीलाई सोही ऐनको दफा १६ को उपदफा १ बमोजिम कैद र जरिवाना सजाय हुन मागदाबी लिई विशेष अदालत, काठमाडौँमा आरोपपत्र दायर गरिएको छ ।

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

विज्ञापनको लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

सम्पर्कः वीरगंज-१५, मधेश प्रदेश,
कार्यालयः जनकपुरधाम उ.म.न.पा.-२, कदमचौक, नेपाल
:९८५५०२१२८१ :९८११३०४३९९

## बैशाख २०८१ — APR/MAY 2024

| आईतवार SUNDAY | सोमवार MONDAY | मंगलवार TUESDAY | बुधवार WEDNESDAY | विहिवार THURSDAY | शुक्रवार FRIDAY | शनिवार SATURDAY |
|---|---|---|---|---|---|---|
| पञ्चमी ३० 12 विश्व नर्सिङ दिवस | षष्ठी ३१ 13 | विवाह मुहूर्तः ६ र ७ गते ब्रतबन्ध मुहूर्तः ६ गते अन्नप्राशन मुहूर्तः ३, १४, २१ र २८ गते | | | | पञ्चमी १ 13 नव वर्षारम्भ |
| षष्ठी २ 14 | सप्तमी ३ 15 | अष्टमी ४ 16 चैते दशैं | नवमी ५ 17 श्री राम नवमी | दशमी ६ 18 विश्व सम्पदा दिवस | एकादशी ७ 19 कामदा एकादशी | द्वादशी ८ 20 |
| त्रयोदशी ९ 21 महावीर जयन्ती | चतुर्दशी १० 22 विश्व पृथ्वी दिवस | पूर्णिमा ११ 23 लोकतन्त्र दिवस | प्रतिपदा १२ 24 | प्रतिपदा १३ 25 विश्व औलो दिवस | द्वितीया १४ 26 | तृतीया १५ 27 राष्ट्रिय विद्या दिवस |
| चतुर्थी १६ 28 | पञ्चमी/षष्ठी १७ 29 विश्व नृत्य दिवस | सप्तमी १८ 30 | अष्टमी १९ MAY 1 विश्व मजदुर दिवस | नवमी २० 2 भदवा आरम्भ | दशमी २१ 3 विश्व प्रेसस्वतन्त्रता दिवस | एकादशी २२ 4 बरुथिनी एकादशी |
| द्वादशी २३ 5 प्रदोष व्रतम् | त्रयोदशी २४ 6 राष्ट्रिय पत्रपत्रिका दिवस, भदवा समाप्त | चतुर्दशी २५ 7 | मातातिर्थ औंसी २६ 8 आमाको मुख हेर्ने दिन, रेडक्रस दिवस | प्रतिपदा २७ 9 | द्वितीया/तृतीया २८ 10 परशुराम जयन्ती, अक्षय तृतीया | चतुर्थी २९ 11 |

## जेठ २०८१ — MAY/JUNE 2024

| आईतवार SUNDAY | सोमवार MONDAY | मंगलवार TUESDAY | बुधवार WEDNESDAY | विहिवार THURSDAY | शुक्रवार FRIDAY | शनिवार SATURDAY |
|---|---|---|---|---|---|---|
| अन्न प्राशन मुहूर्तः १७ गते | | षष्ठी १ 14 | सप्तमी २ 15 विश्व परिवार दिवस | अष्टमी ३ 16 सीता जयन्ती | नवमी ४ 17 | दशमी ५ 18 |
| एकादशी ६ 19 मोहिनी एकादशी | द्वादशी ७ 20 सोम प्रदोष व्रत | त्रयोदशी ८ 21 नृसिंह जयन्ती | चतुर्दशी ९ 22 विश्व जैविक विविधता दिवस | चण्डी पूर्णिमा १० 23 बुद्ध जयन्ती, उभौली पर्व | प्रतिपदा ११ 24 | द्वितीया १२ 25 |
| तृतीया १३ 26 | चतुर्थी १४ 27 | पञ्चमी १५ 28 गणतन्त्र दिवस | षष्ठी १६ 29 भदवा आरम्भ | सप्तमी १७ 30 | अष्टमी १८ 31 विश्व धुम्रपान दिवस | नवमी/दशमी १९ JUNE 1 |
| एकादशी २० 2 अपरा एकादशी, भदवा समाप्त | द्वादशी २१ 3 | त्रयोदशी २२ 4 प्रदोष व्रत | चतुर्दशी २३ 5 सिथि चढे पूजा | औंसी २४ 6 वटसावित्री व्रत, शनि जयन्ती | प्रतिपदा २५ 7 | द्वितीया २६ 8 |
| तृतीया २७ 9 | चतुर्थी २८ 10 | पञ्चमी २९ 11 | षष्ठी ३० 12 बालश्रम विरुद्ध दिवस, कुमार षष्ठी | सप्तमी ३१ 13 कुमार यात्रा | अष्टमी ३२ 14 विश्व रक्तदान दिवस | |

## असार २०८१ — JUNE/JULY 2024

| आईतवार SUNDAY | सोमवार MONDAY | मंगलवार TUESDAY | बुधवार WEDNESDAY | विहिवार THURSDAY | शुक्रवार FRIDAY | शनिवार SATURDAY |
|---|---|---|---|---|---|---|
| अष्टमी ३० 14 | नवमी ३१ 15 | विवाह मुहूर्तः २७, २८, ३० र ३१ गते अन्नप्राशन मुहूर्तः १०, १२ र १५ गते दोकान खोल्ने साइतः २८ गते | | | | नवमी १ 15 |
| दशमी २ 16 | एकादशी ३ 17 निर्जला एकादशी, बकर इद | द्वादशी ४ 18 तुलसीको दल रोप्ने | द्वादशी ५ 19 | त्रयोदशी ६ 20 विश्व शरणार्थी दिवस | चतुर्दशी ७ 21 विश्व योग दिवस | पूर्णिमा ८ 22 |
| प्रतिपदा/द्वितीया ९ 23 | तृतीया १० 24 | चतुर्थी ११ 25 भदवा आरम्भ | पञ्चमी १२ 26 | षष्ठी १३ 27 | सप्तमी १४ 28 | अष्टमी १५ 29 दही च्यूरा खाने दिन, धान दिवस |
| नवमी १६ 30 भदवा समाप्त | दशमी १७ JULY 1 विश्व सहकारी दिवस | एकादशी १८ 2 योगिनी एकादशी | द्वादशी १९ 3 | त्रयोदशी/चतुर्दशी २० 4 दिल्ला चढे पूजा | औंसी २१ 5 | प्रतिपदा २२ 6 |
| द्वितीया २३ 7 | तृतीया २४ 8 | तृतीया २५ 9 | चतुर्थी २६ 10 | पञ्चमी २७ 11 विश्व जनसंख्या दिवस | षष्ठी २८ 12 | सप्तमी २९ 13 भानु जयन्ती |

## साउन २०८१ — JULY/AUG 2024

| आईतवार SUNDAY | सोमवार MONDAY | मंगलवार TUESDAY | बुधवार WEDNESDAY | विहिवार THURSDAY | शुक्रवार FRIDAY | शनिवार SATURDAY |
|---|---|---|---|---|---|---|
| | | दशमी १ 16 लुतो फाल्ने दिन | एकादशी २ 17 हरिशयनी एकादशी, तुलसी रोपण | द्वादशी ३ 18 | त्रयोदशी ४ 19 | चतुर्दशी ५ 20 पूर्णिमा व्रत |
| गुरु पूर्णिमा ६ 21 गुरु पूजा | प्रतिपदा ७ 22 | द्वितीया ८ 23 भदवा आरम्भ | तृतीया ९ 24 | चतुर्थी १० 25 | पञ्चमी/षष्ठी ११ 26 | सप्तमी १२ 27 भदवा समाप्त |
| अष्टमी १३ 28 विश्व हेपाटाइटिस दिवस | नवमी १४ 29 विश्व बाघ दिवस | दशमी १५ 30 खिर खाने दिन | एकादशी १६ 31 कामिका एकादशी | द्वादशी १७ AUG. 1 | त्रयोदशी १८ 2 गथाँमुग चह्रे पूजा | चतुर्दशी १९ 3 |
| औंसी २० 4 विश्व मित्रता दिवस | प्रतिपदा २१ 5 | द्वितीया २२ 6 | तृतीया २३ 7 वराह जयन्ती | चतुर्थी २४ 8 विश्व भू-संरक्षण दिवस | पञ्चमी २५ 9 नाग पञ्चमी | षष्ठी २६ 10 कल्की जयन्ती |
| सप्तमी २७ 11 रवि सप्तमी व्रत | अष्टमी २८ 12 विश्व युवा दिवस | नवमी २९ 13 | नवमी ३० 14 | दशमी ३१ 15 | एकादशी/द्वादशी ३२ 16 पुत्रदा एकादशी | |

## भदौ २०८१ — AUG/SEPT 2024

| आईतवार SUNDAY | सोमवार MONDAY | मंगलवार TUESDAY | बुधवार WEDNESDAY | विहिवार THURSDAY | शुक्रवार FRIDAY | शनिवार SATURDAY |
|---|---|---|---|---|---|---|
| द्वादशी ३० 15 वामन जयन्ती, भदवा आरम्भ | त्रयोदशी ३१ 16 | | | | | त्रयोदशी १ 17 |
| चतुर्दशी २ 18 | पूर्णिमा ३ 19 जनै पूर्णिमा, रक्षा बन्धन, भदवा आरम्भ | प्रतिपदा ४ 20 गाई जात्रा, उपत्यका बिदा | द्वितीया ५ 21 रोपाइँ जात्रा | तृतीया ६ 22 | चतुर्थी ७ 23 भदवा समाप्त | पञ्चमी ८ 24 |
| षष्ठी ९ 25 गौरा सप्तमी | सप्तमी १० 26 श्रीकृष्ण जन्माष्टमी, गौरा पर्व | अष्टमी/नवमी ११ 27 | दशमी १२ 28 | एकादशी १३ 29 अजा एकादशी | द्वादशी १४ 30 | त्रयोदशी १५ 31 |
| चतुर्दशी १६ SEPT 1 | औंसी १७ 2 बुवाको मुख हेर्ने दिन, कुशे औंसी | औंसी १८ 3 | प्रतिपदा १९ 4 | द्वितीया २० 5 तीजको दर खाने दिन | तृतीया २१ 6 हरितालिका तीज | चतुर्थी २२ 7 गणेश चतुर्थी |
| पञ्चमी २३ 8 ऋषि पञ्चमी, सप्तर्षि पूजा | षष्ठी २४ 9 सूर्य षष्ठी | सप्तमी २५ 10 | अष्टमी २६ 11 राधाजीको जन्मोत्सव | नवमी २७ 12 | दशमी २८ 13 | एकादशी २९ 14 राष्ट्रिय बाल दिवस, हरिपरिवर्तिनी एकादशी |

## असोज २०८१ — SEPT/OCT 2024

| आईतवार SUNDAY | सोमवार MONDAY | मंगलवार TUESDAY | बुधवार WEDNESDAY | विहिवार THURSDAY | शुक्रवार FRIDAY | शनिवार SATURDAY |
|---|---|---|---|---|---|---|
| | | चतुर्दशी १ 17 कुमारी इन्द्रजात्रा, विश्वकर्मा पूजा | पूर्णिमा २ 18 | प्रतिपदा/द्वितीया ३ 19 संविधान दिवस | तृतीया ४ 20 भदवा समाप्त | चतुर्थी ५ 21 विश्व शान्ति दिवस |
| पञ्चमी ६ 22 | षष्ठी ७ 23 | सप्तमी ८ 24 | अष्टमी ९ 25 जितिया पर्व | नवमी १० 26 | दशमी ११ 27 विश्व पर्यटन दिवस | एकादशी १२ 28 इन्दिरा एकादशी |
| द्वादशी १३ 29 विश्व मुटु दिवस | त्रयोदशी १४ 30 सोम प्रदोष व्रत | चतुर्दशी १५ OCT. 1 जेष्ठ नागरिक दिवस | औंसी १६ 2 विश्व अहिंसा दिवस, जमारे औंसी | प्रतिपदा १७ 3 घटस्थापना, नवरात्री आरम्भ | द्वितीया १८ 4 | तृतीया १९ 5 विश्व शिक्षक दिवस |
| चतुर्थी २० 6 | चतुर्थी २१ 7 | पञ्चमी २२ 8 | षष्ठी २३ 9 विश्व हुलाक दिवस | सप्तमी २४ 10 फूलपाती | अष्टमी/नवमी २५ 11 महाअष्टमी, कालरात्री, महानवमी | दशमी २६ 12 विजया दशमी, टीका |
| एकादशी २७ 13 पापांकुशा एकादशी, भदवा आरम्भ | द्वादशी २८ 14 विश्व गुणस्तर दिवस | त्रयोदशी २९ 15 विश्व हात धुने दिवस | चतुर्दशी ३० 16 विश्व खाद्य दिवस | | | |

## कात्तिक २०८१ — OCT/NOV 2024

| आईतवार SUNDAY | सोमवार MONDAY | मंगलवार TUESDAY | बुधवार WEDNESDAY | विहिवार THURSDAY | शुक्रवार FRIDAY | शनिवार SATURDAY |
|---|---|---|---|---|---|---|
| | | | | पूर्णिमा १ 17 कोजाग्रत पूर्णिमा, कार्तिक स्नान, भदवा समाप्त | प्रतिपदा २ 18 | द्वितीया ३ 19 |
| तृतीया ४ 20 करवा चौथ व्रत | चतुर्थी ५ 21 | पञ्चमी ६ 22 | षष्ठी ७ 23 सशस्त्र प्रहरी दिवस | सप्तमी ८ 24 संयुक्त राष्ट्रसंघ दिवस | अष्टमी ९ 25 राधाष्टमी व्रत | नवमी १० 26 |
| दशमी ११ 27 | एकादशी १२ 28 रमा एकादशी | द्वादशी १३ 29 धनतेरस | त्रयोदशी १४ 30 धन्वन्तरी जयन्ती, काग तिहार | नरक चतुर्दशी १५ 31 लक्ष्मी पूजा, कुकुर तिहार | औंसी १६ NOV. 1 | प्रतिपदा १७ 2 गोवर्द्धन पूजा, म्ह पूजा, गाई गोरु पूजा |
| यम द्वितीया १८ 3 भाइ टीका, किज़ा पूजा | तृतीया १९ 4 | चतुर्थी २० 5 मंगल चतुर्थी व्रत | पञ्चमी २१ 6 | षष्ठी २२ 7 छठ पर्व, डाला पूजा | सप्तमी २३ 8 | अष्टमी २४ 9 भदवा आरम्भ |
| नवमी २५ 10 फाल्गुनन्द जयन्ती | दशमी २६ 11 | एकादशी २७ 12 हरिबोधनी एकादशी, तुलसी विवाह | द्वादशी २८ 13 भदवा समाप्त | त्रयोदशी/चतुर्दशी २९ 14 मधुमेह दिवस | पूर्णिमा ३० 15 गुरु नानक जयन्ती | |

## मंसिर २०८१ — NOV/DEC 2024

| आईतवार SUNDAY | सोमवार MONDAY | मंगलवार TUESDAY | बुधवार WEDNESDAY | विहिवार THURSDAY | शुक्रवार FRIDAY | शनिवार SATURDAY |
|---|---|---|---|---|---|---|
| धान्य पूर्णिमा ३० 15 योमरी पुन्ही, उधौली पर्व | | विवाह मुहूर्तः ८ गते अन्नप्राशनः ३, ५, १३ र २१ गते घर बनाउने साइतः ३ गते | | | | प्रतिपदा १ 16 |
| द्वितीया २ 17 | तृतीया ३ 18 | चतुर्थी ४ 19 मंगल चतुर्थी व्रत | पञ्चमी ५ 20 विश्व बाल अधिकार दिवस | षष्ठी ६ 21 विश्व टेलिभिजन दिवस | सप्तमी ७ 22 | अष्टमी ८ 23 |
| नवमी ९ 24 | दशमी १० 25 | एकादशी ११ 26 उत्पत्तिका एकादशी | द्वादशी १२ 27 | त्रयोदशी १३ 28 प्रदोष व्रत | त्रयोदशी १४ 29 | बाला चतुर्दशी १५ 30 सतबिउ रोपण |
| औंसी १६ DEC. 1 विश्व एड्स दिवस | प्रतिपदा १७ 2 | द्वितीया १८ 3 विश्व अपाङ्ग दिवस | तृतीया १९ 4 | चतुर्थी २० 5 | विवाह पञ्चमी २१ 6 सीता विवाह, जनकपुर मेला, भदवा आरम्भ | षष्ठी २२ 7 |
| सप्तमी/अष्टमी २३ 8 | नवमी २४ 9 भ्रष्टाचार विरुद्ध दिवस | दशमी २५ 10 मानव अधिकार दिवस | एकादशी २६ 11 मोक्षदा एकादशी, गीता जयन्ती, भदवा समाप्त | द्वादशी २७ 12 | त्रयोदशी २८ 13 | चतुर्दशी २९ 14 दत्तात्रेय जयन्ती |

## पुष २०८१ — DEC. 24/JAN 2025

| आईतवार SUNDAY | सोमवार MONDAY | मंगलवार TUESDAY | बुधवार WEDNESDAY | विहिवार THURSDAY | शुक्रवार FRIDAY | शनिवार SATURDAY |
|---|---|---|---|---|---|---|
| | प्रतिपदा १ 16 | द्वितीया २ 17 | तृतीया ३ 18 | चतुर्थी ४ 19 | पञ्चमी ५ 20 | षष्ठी ६ 21 |
| सप्तमी ७ 22 रवि सप्तमी | अष्टमी ८ 23 | नवमी ९ 24 | दशमी १० 25 क्रिसमस डे | एकादशी ११ 26 सफला एकादशी | द्वादशी १२ 27 | त्रयोदशी १३ 28 |
| चतुर्दशी १४ 29 | पौषे औंसी १५ 30 तमु ल्होछार पर्व | प्रतिपदा १६ 31 तोल ल्होसार पर्व | द्वितीया १७ JAN. 1 2025 आरम्भ | तृतीया १८ 2 | चतुर्थी १९ 3 भदवा आरम्भ | पञ्चमी २० 4 |
| षष्ठी २१ 5 गुरु गोविन्द सिंह जयन्ती | सप्तमी २२ 6 | अष्टमी २३ 7 भदवा समाप्त | नवमी २४ 8 | दशमी २५ 9 | एकादशी २६ 10 पुत्रदा एकादशी | द्वादशी/त्रयोदशी २७ 11 राष्ट्रिय एकता दिवस, पृथ्वी जयन्ती |
| चतुर्दशी २८ 12 | पूर्णिमा २९ 13 माघ स्नान आरम्भ | | | | | |

## माघ २०८१ — JAN/FEB 2025

| आईतवार SUNDAY | सोमवार MONDAY | मंगलवार TUESDAY | बुधवार WEDNESDAY | विहिवार THURSDAY | शुक्रवार FRIDAY | शनिवार SATURDAY |
|---|---|---|---|---|---|---|
| | | प्रतिपदा १ 14 मकर संक्रान्ति, माघी पर्व | द्वितीया २ 15 राष्ट्रिय भूकम्प सुरक्षा दिवस | तृतीया ३ 16 | चतुर्थी ४ 17 | पञ्चमी ५ 18 |
| पञ्चमी ६ 19 | षष्ठी ७ 20 | सप्तमी ८ 21 | अष्टमी ९ 22 | नवमी १० 23 | दशमी ११ 24 शिक्षा दिवस | एकादशी १२ 25 षट्तिला एकादशी |
| द्वादशी १३ 26 विश्व कुष्ठ रोग दिवस | त्रयोदशी १४ 27 सोम प्रदोष व्रत | चतुर्दशी १५ 28 | औंसी १६ 29 सहिद दिवस | प्रतिपदा १७ 30 सोनाम ल्होसार, भदवा आरम्भ | द्वितीया १८ 31 | तृतीया १९ FEB. 1 |
| चतुर्थी २० 2 | बसन्त पञ्चमी २१ 3 सरस्वती पूजा, भदवा समाप्त | षष्ठी/सप्तमी २२ 4 विश्व क्यान्सर दिवस | अष्टमी २३ 5 | नवमी २४ 6 द्रोण नवमी व्रत | दशमी २५ 7 | एकादशी २६ 8 भीमा एकादशी |
| द्वादशी २७ 9 | त्रयोदशी २८ 10 | चतुर्दशी २९ 11 | पूर्णिमा ३० 12 | विवाह मुहूर्तः ४ र २५ गते अन्नप्राशनः १८ र २५ गते दोकान खोल्नेः २५ र २६ गते | | |

## फागुन २०८१ — FEB/MAR 2025

| आईतवार SUNDAY | सोमवार MONDAY | मंगलवार TUESDAY | बुधवार WEDNESDAY | विहिवार THURSDAY | शुक्रवार FRIDAY | शनिवार SATURDAY |
|---|---|---|---|---|---|---|
| विवाह मुहूर्तः १,६,८,९,१३,२२,२३ र २८ गते अन्नप्राशनः १४ र २२ गते ब्रतबन्ध मुहूर्तः २ र २६ गते | | | | प्रतिपदा १ 13 जनयुद्ध दिवस, विश्व रेडियो दिवस | द्वितीया २ 14 भ्यालेन्टाइन डे (प्रेम दिवस) | तृतीया ३ 15 |
| चतुर्थी ४ 16 | पञ्चमी ५ 17 | षष्ठी ६ 18 | सप्तमी ७ 19 प्रजातन्त्र दिवस, निर्वाचन दिवस | सप्तमी ८ 20 | अष्टमी ९ 21 विश्व मातृभाषा दिवस | नवमी १० 22 |
| दशमी ११ 23 | एकादशी १२ 24 विजया एकादशी | द्वादशी १३ 25 प्रदोष व्रतम् | त्रयोदशी १४ 26 महाशिवरात्री पर्व, भदवा आरम्भ | चतुर्दशी १५ 27 | औंसी/प्रतिपदा १६ 28 ग्याल्पो ल्होसार | द्वितीया १७ MAR. 1 |
| तृतीया १८ 2 | चतुर्थी १९ 3 भदवा समाप्त | पञ्चमी २० 4 | षष्ठी २१ 5 | सप्तमी २२ 6 | अष्टमी २३ 7 | नवमी २४ 8 अन्तर्राष्ट्रिय नारी दिवस |
| दशमी २५ 9 | एकादशी २६ 10 आमलकी एकादशी | द्वादशी २७ 11 प्रदोष व्रत | त्रयोदशी २८ 12 | चतुर्दशी २९ 13 पहाडी होली, होली पूर्णिमा व्रत | | |

## चैत २०८१ — MAR/APR 2025

| आईतवार SUNDAY | सोमवार MONDAY | मंगलवार TUESDAY | बुधवार WEDNESDAY | विहिवार THURSDAY | शुक्रवार FRIDAY | शनिवार SATURDAY |
|---|---|---|---|---|---|---|
| प्रतिपदा ३१ 13 | | ब्रतबन्ध मुहूर्तः ३, १८ र २५ गते अन्नप्राशनः ११, १४, १८, २२ र २५ गते | | | फागु पूर्णिमा १ 14 तराईमा होली | प्रतिपदा २ 15 |
| द्वितीया ३ 16 | तृतीया ४ 17 | चतुर्थी ५ 18 मंगल चतुर्थी व्रत | पञ्चमी ६ 19 | षष्ठी ७ 20 | सप्तमी ८ 21 | अष्टमी ९ 22 |
| नवमी १० 23 | दशमी ११ 24 विश्व क्षयरोग दिवस | एकादशी १२ 25 पापमोचिनी एकादशी | द्वादशी १३ 26 भदवा आरम्भ | त्रयोदशी १४ 27 प्रदोष व्रतम् | चतुर्दशी १५ 28 | औंसी १६ 29 घोडे जात्रा, उपत्यका बिदा |
| प्रतिपदा १७ 30 भदवा समाप्त | द्वितीया १८ 31 ईद पर्व (इदुलफित्र) | तृतीया १९ APR. 1 विश्व मूर्ख दिवस | चतुर्थी/पञ्चमी २० 2 | षष्ठी २१ 3 | सप्तमी २२ 4 | अष्टमी २३ 5 चैते दशैं |
| नवमी २४ 6 श्रीराम नवमी, राम जयन्ती | दशमी २५ 7 विश्व स्वास्थ्य दिवस | एकादशी २६ 8 कामदा एकादशी | द्वादशी २७ 9 | त्रयोदशी २८ 10 महावीर जयन्ती | चतुर्दशी २९ 11 | पूर्णिमा ३० 12 |

RADIO Birgunj 99 fm.
Tv BIRGUNJ HD
रेडियो पोखरीया १०५.८ मेघाहर्ज
95.5 FM JANAKNANDANI जनकनन्दनी FM. Janakpur

E-mail ID: marketing99fm@gmail.com, madheshdristi@gmail.com | Web Address: www.radiobirgunj.com, www.emadheshdristi.com
Facebook ID: facebook/madheshdristi, facebook/radio birgunj 99MHz, facebook/tv birgunj